
# शिक्षा क्षेत्रको योजना

# (२०८१-२०९०

School Education Sector Plan

Arnama Rural Municipality, Siraha




**अर्नमा गाउँपालिकाको कार्यालय**

**मधेश प्रदेश नेपाल**

**तयारकर्ता**

- शिक्षा युवा तथा खेलकुद शाखा, अर्नमा गाउँपालिका, सिरहा

**शिक्षा योजना लेखन तथा पुनरावलोकन सुझावकर्ता**

- श्री पालिका प्राविधिक कार्यदल, शिक्षा विकास तथा समन्वय एकाई सिरहा
- श्री लेखन उपसमिति

**सहयोग**

- श्री शिक्षा विकास तथा समन्वय एकाई, सिरहा
- श्री मुख्य कार्यदल, अर्नमा गाउँपालिका, सिरहा
- श्री शिक्षा समिति, प्र.अ./शिक्षक

**प्राविधिक सहयोग**

**पिपुल प्रमोट सेन्टर,UNICEF**


**प्रकाशक :** अर्नमा गाउँपालिका ,सिरहा

**सर्वाधिकार:** प्रकाशकमा सुरक्षित

**मुद्रण:**

**प्रमाणित मिति: २०८१**

**प्रकाशन मिति: २०८१**

**अध्यावधिक : २०८३**

## हाम्रो भनाई

अर्नमा गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) निर्माण कार्य सम्पन्न भएको यस ऐतिहासिक अवसरमा, हाम्रो हृदयदेखि नै सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौँ। यो महत्त्वपूर्ण योजनाको परिकल्पना, तयारी र कार्यान्वयनमा सक्रिय भूमिका निर्वाह गर्ने सबै सहयोगी निकायहरू, प्राविधिक विशेषज्ञहरू, शिक्षा क्षेत्रमा क्रियाशील संस्था र यहाँका स्थानीय बासिन्दा, शिक्षकगण, विद्यार्थी, अभिभावक, तथा अन्य सबै सरोकारवालाहरूलाई विशेष आभार प्रकट गर्दछौँ।

यस गाउँपालिकाले शिक्षा क्षेत्रलाई गुणात्मक, समावेशी र दिगो बनाउन यो योजना तयार पारेको छ। शिक्षालाई सबैको पहुँचभित्र पुऱ्याउन र यसलाई २१औँ शताब्दीका चुनौतीहरूसँग सुसंगत बनाउन यो योजना एउटा आधारशीला सावित हुनेछ। यस योजना निर्माणको क्रममा हाम्रो गाउँपालिकालाई प्राविधिक सहयोग पुऱ्याउने People Promote Center, धनुषाको योगदान अत्यन्तै सराहनीय छ। उहाँहरूले समय, ज्ञान र अनुभवलाई प्रयोग गर्दै यो योजनालाई मूर्त रूप दिन महत्त्वपूर्ण भूमिका खेलेका छन्।

योजना निर्माण कार्यदलमा सहभागी सबै सदस्यहरूको अथक परिश्रम, सिर्जनशीलता र योगदानले यो दस्तावेजलाई एक उत्कृष्ट दिशानिर्देशक बनाउन मद्दत पुऱ्याएको छ। योजना निर्माणको हरेक चरणमा उनीहरूले देखाएको प्रतिबद्धता र समर्पणलाई हामी उच्च मूल्यांकन गर्दछौँ।

शिक्षा कुनै पनि समाजको आधारशिला हो। शिक्षाबाट मात्र समतामूलक र समृद्ध समाजको निर्माण सम्भव छ। हाम्रो गाउँपालिकामा शिक्षा क्षेत्रका विविध पक्षलाई मध्यनजर गर्दै यो योजना तयार गरिएको छ, जसले समुदायको हरेक वर्गलाई लाभ पुऱ्याउन सक्छ। प्राथमिक, माध्यमिक, र प्राविधिक शिक्षादेखि उच्च शिक्षासम्म सबै पक्षलाई समेट्ने गरी यो योजना बनाइएको छ। यसले बालबालिका, युवाहरू, र वयस्कहरूको शैक्षिक स्तरलाई मात्र होइन, उनीहरूको जीवनस्तर र सामूहिक चेतनालाई पनि उन्नत बनाउनेछ।

हामीलाई गर्व छ कि यो योजना सबै वर्ग र समुदायका लागि समान अवसरको प्रत्याभूति दिने उद्देश्यले तयार पारिएको छ। यो योजना महिला, दलित, आदिवासी, जनजाति, अपांगता भएका व्यक्तिहरू, र सीमान्तकृत समुदायका लागि विशेष अवसर र सुविधा प्रदान गर्न केन्द्रित छ।




अशोक कुमार यादव
अध्यक्ष
अर्नमा गाउँपालिका, सिरहा

## दुई शब्द

अर्नमा गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) को निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको यस ऐतिहासिक अवसरमा, हाम्रो गाउँपालिकाको तर्फबाट सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौँ। यो महत्वपूर्ण कार्यमा प्राविधिक सहयोग गर्ने People Promote Center, धनुषा, योजना निर्माण कार्यदलका सदस्यहरू, स्थानीय समुदाय, शिक्षक, विद्यार्थी, अभिभावक, र अन्य सरोकारवालाहरूको सहयोगले मात्र यो सम्भव भएको हो।

यो योजना अर्नमा गाउँपालिकाको शिक्षा क्षेत्रलाई समग्र रूपमा समृद्ध बनाउन तयार पारिएको एक मार्गदर्शन दस्तावेज हो। यसले हाम्रा भविष्यका लक्ष्यहरू स्पष्ट रूपमा परिभाषित गर्दै गुणस्तरीय, समावेशी, र दिगो शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। शिक्षा कुनै पनि समाजको विकासको आधारभूत पक्ष हो, र यस क्षेत्रमा भएका चुनौतीहरूको समाधान खोज्न यो योजना एक दूरदर्शी कदम हुनेछ।

People Promote Center, धनुषाको अनुभव र नेतृत्वले यो योजनाको निर्माण प्रक्रियालाई सहज र प्रभावकारी बनाएको छ। उहाँहरूको प्राविधिक सहयोग, तथ्यांक संकलन, र विशेषज्ञता बिना यो कार्य सम्भव हुने थिएन। साथै, योजना निर्माण कार्यदलका सदस्यहरूले देखाएको लगनशीलता, प्रतिबद्धता, र सिर्जनशील सोचले यो दस्तावेजलाई एक सशक्त योजना बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।



राजेश कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत
अर्नमा गाउँपालिका, सिरहा

**शुभकामना**

अर्नमा गाउँपालिकामा शिक्षा र सबैका लागि शिक्षा सन्देशको उद्घोष गर्दै औरही गाउँपालिकाले २०२४ देखि २०३३ सम्मको दश वर्षे शिक्षा क्षेत्रको योजना प्रस्तुत गर्दै छ। यस योजनाले हाम्रो गाउँपालिकामा शैक्षिक सुधारका लागि अत्यन्तै महत्त्वपूर्ण कदम चाल्नका लागि आधार बनाउने छ। शिक्षा कुनै पनि समाजको भित्रको मूल्य, संस्कार र दिगो विकासको प्रमुख पिलर हो।

यस गाउँपालिकामा शिक्षा क्षेत्रको सुधारको लागि योजनाबद्ध र समर्पित प्रयास जारी राख्नको लागि हामी सबै स्थानीय सरकारका कर्मचारी, शिक्षाविद्, अभिभावक, विद्यार्थी र अन्य सरोकारवालासँग सामूहिक जिम्मेवारीको भावना लिएर कार्य गर्नेछौं। शैक्षिक विकासमा समाजका सबै वर्गका व्यक्तिहरूको सहभागिता अनिवार्य छ र यस योजना मार्फत हामीले यसलाई सुनिश्चित गर्नका लागि उचित कसरत गर्नेछौं।

यस गाउँपालिकाले यस दशकको योजना मार्फत प्राथमिक देखि उच्च माध्यमिक शिक्षा सम्मका सबै स्तरमा गुणस्तरीय शिक्षा विस्तार गर्नका लागि लक्षित गर्दैछ। यस योजनामा सबै विद्यालयहरूको भौतिक पूर्वाधार, पाठ्यक्रम र शिक्षिकाहरूको क्षमता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकता दिइने छ। हाम्रो उद्देश्य केवल पठनपाठनलाई मात्र नभई, विद्यार्थीहरूको समग्र विकासमा केन्द्रित हुनेछ जसमा शारीरिक, मानसिक र सामाजिक विकासका साथै जीवनकुशलता, दक्षता र संस्कारलाई पनि समेटिने छ।

हामीले १० वर्षको अवधिमा हाम्रो विद्यालयहरूको इन्फ्रास्ट्रक्चर सुधार्ने, डिजिटल शिक्षा उपकरणहरूको प्रयोगलाई प्रवर्द्धन गर्ने र शैक्षिक सामग्रीहरूको गुणस्तरमा वृद्धि गर्ने योजना गरेका छौं।

अन्ततः, शिक्षा क्षेत्रको समग्र सुधारमा हामी सबैको साझा प्रयास र सहयोग आवश्यक छ। सबैको उत्तम भविष्य र अर्नमा गाउँपालिकाको समृद्धि सुनिश्चित गर्न शिक्षा एक सशक्त उपाय बन्ने छ। यस योजनाका सबै उद्देश्यहरूलाई हासिल गर्नका लागि हामी सबैलाई मिलेर काम गर्न र एक सकारात्मक परिवर्तन ल्याउनका लागि प्रेरित गर्दछु। यस गाउँपालिकामा शैक्षिक सुधारको नयाँ युगको शुरुआत गर्दै हामी सबैलाई यस योजनामा योगदान पुर्याउनका लागि आह्वान गर्दछु।

शिक्षा नै भविष्यको शिरोबिन्दु हो, र यस योजनाले हाम्रो गाउँपालिकालाई शिक्षामा आत्मनिर्भर र उत्कृष्ट बनाउने दिशामा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिन्छु।



नथुनी साह
शिक्षा शाखा प्रमुख
अर्नमा गाउँपालिका, सिरहा

## विषय सूची


योजनाको सारांश........................................................................................................ 10

१. बिषय प्रवेश........................................................................................................ 10

२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ........................................................ 10

३. स्थानीय तहमा योजना निर्माणको औचित्य.................................................................. 11

४. शिक्षा योजना निर्माणका आधार ............................................................................. 11

५. शिक्षा योजना निर्माण प्रक्रिया.................................................................................. 12

६. योजना लेखाजोखा ................................................................................................ 12

७. योजना दस्तावेजको स्वरूप ...................................................................................... 14

परिछेद एक: परिचय........................................................................................................ 1

१.१ वर्तमान अवस्था ...................................................................................................... 1

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण........................................................................ 11

१.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण ................................................................ 14

१.४ अवसर................................................................................................................. 16

परिच्छेद दुई: दुरदृष्टि, ध्येय, रणनीति तथा लक्ष्य.................................................................. 17

२.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार........................................................ 17

२.२ अर्नमा गाउँपालिकाको दूरदृष्टि..................................................................................... 18

२.३ लक्ष्य.................................................................................................................... 18

२.५.६ स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने।........................... 20

२.५.७ विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।........................................................................................ 20

२.५.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने।............................................ 20

२.५.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।................................................................................ 20

२.६ कार्यनीति ........ 20
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 21
परिच्छेद तीन: बिधालय शिक्षाका मुख्य उपक्षेत्रहरु ........ 24
परिचय ........ 24
३.१ बालविकास र शिक्षा ........ 24
३.२ आधारभूत शिक्षा ........ 29
क) उपलब्धिहरु ........ 31
परिचय ........ 36
३.३.१ वर्तमान अवस्था ........ 37
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 38
क) उपलब्धि ........ 38
३.४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम ........ 41
३.४.२ उद्देश्य ........ 42
३.४.३ रणनीति ........ 42
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 42
३.५.२ उद्देश्य ........ 45
३.५.३ रणनीति ........ 45
३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 46
३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई ........ 47
परिचय ........ 47
३.६.२ उद्देश्य ........ 49
३.६.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 50
क) उपलब्धि ........ 50
परिच्छेद चार : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूअन्त ........ 53
परिचय ........ 53

**४.१ पाठयक्रम तथा मुल्यांकन** ........ 53
**४.२ शिक्षक व्यवस्थापन र विकास** ........ 59
**४.३ शैक्षिक समता र समावेशीकरण** ........ 66
**परिचय** ........ 66
**४.४. बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम** ........ 69
**४.५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता** ........ 73
**परिचय** ........ 73
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास** ........ 77
**४.७ विद्यालयमा सुचना तथा संचार प्रबिधि** ........ 81
**परिचय** ........ 81
**परिच्छेद पाँच : योजनाको नतिजा खाका (अन्य उपक्षेत्र)** ........ 86
**परिचय** ........ 86
**५.१ योजनाको समग्र नतिजा खाका** ........ 86
**५.२ प्रमुख कार्य सम्पादन सूचकहरु** ........ 89
**५.३ कार्यक्रम नतिजा खाका** ........ 93
**परिच्छेद ६ सुशासन तथा व्यबस्थापन** ........ 104
**६.२ स्थानीय शिक्षा कार्यान्वनको प्रबन्ध** ........ 109
**परिचय** ........ 109
**७.२** उद्देश्य ........ 116
६.४ रणनीतिहरू ........ 117
**६.५ स्रोतको अनुमान र विश्लेषण** ........ 117
**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन** ........ 121
अनुसूचीहरु : महत्वपूर्ण लिंकहरु ........ 125
सन्दर्भ सामग्रीहरु ........ 125

**अनुसूचीहरु**

**अनुसूची १ प्रमुख उपलब्धि सूचकहरू (KPI)**

**अनुसूची २ नतिजा ढाँचा (Result Framework)**

**अनुसूची २ प्रमुख क्रियाकलाप, लक्ष्य तथा बजेट अनुमान**

## योजनाको सारांश

### १. बिषय प्रवेश

स्थानीय तहको शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। अर्नमा गाउँपालिकाको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** निर्माण गर्न लागिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भैरहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ वटै स्थानीय तहहरूले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी स्थानीयस्तरमा शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। यसै सन्दर्भमा यस अर्नमा गाउँ पालिकाले स्थानीय तहको शिक्षा योजना निर्माणको लागि यो मार्गदर्शन तयार गरेको छ।

### २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभुत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानहरुलाई कार्यान्वयन गर्नको लागि अर्नमा गाउँ पालिकाले स्थानीय तहहरुले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न लागिएको छ। विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** तयार गरेको छ। यसै आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यसै परिवेशमा यस अर्नमा गाउँ पालिकाले स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकास गरिएको हो।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

३.१ तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न

३.२ सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३.३ कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

३.४ साझा विषयमा लागत साझे दारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

३.५ शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष् ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

## ४. शिक्षा योजना निर्माणका आधार

यस अर्नमा गाउँ पालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ :

४.१ नेपालको संबिधान

४.२ सोह्रौं आवधिक योजना

४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ४.४ सङ्घ, प्रदश र स्थानीय  तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

४.५ अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

४.६ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

४.७ शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

४.८ विद्यालय शिक्षामा समता रणनीति

४.९ दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा

४.१० स्थानीय तहको योजना तर्जुमा र्जु दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

४.११ स्थानीय तहको मध्यमकालीन खर्च संरचना

४.१२ राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१३ विद्यालय सधुार योजना र अन्य सरकारी र गै रसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

यस अर्नमा गाउँ पालिकाको स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा शिक्षा समितिको सगभागिता र योजना निर्माण मस्यौदा समिति तयार गरि समितिमा स्थानीय तहको शिक्षा हेर्ने प्रमुखलाई अनिवार्य रूपमा समावेश गरिएको छ। यस अतिरिक्त आवश्यकता अनुसार सम्बन्धित बिषय क्षेत्रको विज्ञ तथा प्राविधिकहरुलाई (कलेज, विद्यालय वा अन्य व्यक्तिहरुबाट) आमन्त्रित गर्न सकिने छ। योजना निर्माण समितिलाई सहजीकरण र जिम्मेवार बनाउन लिखित कार्य विवरण दिन सक्ने छ।

## ६. योजना लेखाजोखा

यस अर्नमा गाउँपालिकाको स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि विश्वसनीय, दिगो र लगानी योग्य छ या छैन भन्नका लागी योजनाको विभिन्न पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ, जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गर्नु पर्दछ।

अर्नमा गाउँपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्न योजनाको सबलता, प्रासंगिकता, सुसंगतता र विश्वसनीयता आदि पक्षहरु हेरेकाछन । यो योजनाको लेखाजोखा प्रक्रिया अर्नमा गाउँपालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक विधिबाट तयार गरिएकोछ । यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श (योजना निर्मार्ण समिति, प्राबिधिक समितिहरूसँग बैठक), प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा, गाउँ, समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा, भरपर्दो जानकारीहरुको विश्लेषण (जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ) समावेश गरिकोछ।

लेखाजोखा प्रक्रियालाई सुक्ष्मबिश्लेष्ण गर्न तलका तालिकामा बिभिन्नपक्षहरुलाई समाबेस गरी हेरिएकोछ ।

| क्र.सं. | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | • स्थानिय तहको प्रमुखको संयोजकत्वमा सबै प्रतिनिधहरुको सहभागितामा छलफल भई मस्यौदा समिति गठन भएको।<br>• मस्यौदा समितिमा निर्देशिकाले निर्धारण गरेको सबै पक्षको सहभागिता रहेको।<br>• योजना लेखनकार्य पारदर्शी रुपमा गरिएको। |
| २ | प्रयाप्तता र सान्दर्भिकता | • योजनामा समावेश भएको दुर दृष्टि, लक्ष्य, उद्धेश्य, कार्यनिति र कृयाकलापहरु स्थानिय तहको शिक्षा क्षेत्रका समस्या र चुनौतीहरुलाई सम्बोधन गर्ने गरी तयार गरिएकोछ। |

| | | |
|---|---|---|
| ३ | समता, सक्षमता तथा गुणस्तर | • यस शिक्षा क्षेत्रको योजनाले स्थानिय तहको शिक्षालाई अगाडी बढाउनको लागी योजनमा समता, सक्षमता तथ सिकाईमा गुणस्तर अभिबृद्धि गर्ने मुख्य क्षेत्रहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ। |
| ४ | अन्तरसम्बन्ध र तादाम्यता | • स्थानिय तहले बनाएको शिक्षा क्षेत्रको योजना राष्ट्रिय, प्रदेशद्धारा बनाईएको ऐन कानुन, निति तथा योजनाका लक्ष्य अनुरुप तयार गरिएको छ।<br>• स्थानिय तहले निर्माण गर्ने अन्य कृषी, स्वास्थ्य, भौतिक पूर्वाधार योजनाहरुसँग अन्तरसम्बन्ध रहेको छ।<br>• विद्यालय सुधार योजना र नमुना विद्यालय योजनाबीच अन्तर सम्बन्ध रहेको छ। |
| ५ | संभाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनाको लक्ष्य प्राप्तीको लागी कार्यान्वयन गरिने कृयाकलापहरु सान्दर्भिक रहेको छ।<br>• योजनाको गतिविधिहरुको सहज मापन, अनुगमण तथा मुल्याँकन गर्न सकिनेछ।<br>• योजना स्थानिय परिवेश, विशेष गरी जनसंख्याँ, जातजाति, आर्थिक, भाषिक रुपमा पछाडी परेका बर्गहरु र क्षेत्रका विकासकालागी सान्दर्भिक छ। |
| ६ | श्रोतको प्रवन्ध | • शिक्षा योजनामा समावेश गरिएको कार्यक्रमहरु संचालनका लागी संघ, प्रदेश र स्थानिय तह स्वमबाट श्रोतको व्यवस्थापन गर्न सकिनेछ।<br>• योजनाको प्रस्तावित कार्यक्रम तथा बजेट बीच आपसी तालमेल रहेको छ।<br>• यस योजना कार्यान्वयनको लागी दातृनिकायहरुको पनि सहयोग सहकार्य तथा साझेदारीबाट तयार गरिएको छ। |
| ७ | संस्थागत क्षमता | • योजना कार्यान्वयनको लागी स्थानिय तहमा रहेको विधमान संरचनहरुको प्रयोग गरि उच्चत्तम प्रतिफल हासिल गर्न सकिनेछ। |

| | | |
|---|---|---|
| | | • योजनामा विभिन्न संयन्यत्र तथा पक्षहरुको क्षमता विकास, सहभागिता बृद्धिका लागी विभिन्न कार्यक्रमहरु तय गरेको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | • यो योजना सथानिय तहले नै निर्मा◌ंण गरिएकोले यसको कार्यान्वयन हुनुको साथै यसमा स्थानिय तहको अपन्त्व पनि हुनेछ । |
| ९ | तथ्याँक विश्लेषण र प्रक्षेपण | • स्थानिय तहको शैक्षिक सुचक तथा अन्य तथ्याँकहरुको आधारमा योजनाका रणनिति तथा कृयाकलापहरु समावेश गरिएको छ ।<br>• तथ्याँक तथा सुचनाहरु वीच तादम्यता रहेको छ । |
| १० | अनुमण र प्रतिवेदन | • शिक्षा योजनामा अनुगमण तथा मुल्याँकनको छुट्टै अनुच्छेद राखिएको छ र सोही अनुसारको संयन्त्रको व्यवस्था गरिएको छ ।<br>• अनुगमण तथा मुल्याँकनका सुचकहरुको आधारमा नतिजामा आधारित अनुगमण तथा मुल्याँकन गर्दा यो बढी पादर्शी र जवाफदेही हुने छ ।<br>• प्रतिवेदन प्रणालीको विकास र सम्बन्धित पक्षलाई जवाफदेही वनाउन विषयहरु योजनामा समावेश गरिएको छ । |

### ७. योजना दस्तावेजको स्वरूप

स्थानीय तहको यस योजनाको स्वरूपलाई तल भए बमोजिमको ढाँचाभित्र रही तयार गर्नुपर्दछ, जुन अनुसूची – १ मा राखिएको छ ।

# परिछेद एक: परिचय

अर्नमा गाउँ पालिका सिरह जिल्ला को १७ स्थानीय तहहरु मध्ये एक स्थानीय हो। यस गाउँ पालिकाले अफ्नो क्षेत्रको सामाजिक, सास्कृतिक, आर्थिक, शैक्षिक लगायतका सम्पूर्ण पक्षको विकास गर्नु पर्दछ। प्रत्यक्ष रुपमा आफु पनि संलग्न भइ रहने हुदा अत्यन्त गहणता पूर्वक विकासका बाटाहरु पहिल्याउनु पर्छ। हाम्रो संविधानमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक अधिकारका प्राथमिकताहरु स्थापित गरेका छन। शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ज मा आधारभूत तथा माध्यमिक शिक्षाको संचालन तथा व्यवस्थापन गर्ने अधिकार दिइएको छ। सोही आधारमा बृहत दायित्व बोध हुनेगरी शिक्षाको विकास गर्नु अनिवार्य हुन जान्छ।

कुनै पनि क्षेत्रको विकास " **योजना विना** " अधुरो हुने हुदा सुरुमा नै योजना निर्माण गर्नु पर्दछ। त्यसैले विभिन्न कालखण्डमा शिक्षा क्षेत्रको विकास गर्न योजना निर्माण गरेको इतिहास छ। राणाकालमा पनी शिक्षाको विकास गर्न नखोजेका हेइन, तर ठोस योजना विना शिक्षाको विकास गर्न खेजदा उपलब्धी मुलक नभएको जस्तो देखिन्छ। व्यवस्थितरुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ। यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२) हुदै विभिन्न समयमा विभिन्न योजना परियोजना र कार्यक्रम लागु भएका छन। पछिल्लो चरणमा दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) को मान्यताको आधारमा अर्नमा गाउँपालिकाले गाउँ शिक्षा योजना वि.स. (२०८१-२०९०) निर्माण गरी अर्नमा राजपत्रमा प्रकासित गरीसकिएको छ। राष्ट्रिय तहमा बनेका विधालय क्षेत्र विकास योजना सन् (२०१६-२०२२) को समाप्ती संगै EGRP II ले शिक्षा क्षेत्रको योजना (Education Sector Plan -ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित निरर्माण गर्न सन् २०२४-२०३३ का लागी अर्नमा गाउँपालिकाका शिक्षा शाखाले यो शिक्षा योजना तयार गरेको हो।

## १.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको हुनाले नागरिकको सबैभन्दा नजिकको सरकारका हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु सबै गाउँपालिका र गाउँपालिकाहरुको कर्तव्य हुन आएको छ। जननिर्वाचित स्थानीय सरकारबाट नागरिकहरुले आफ्ना बालबालिकाहरुका लागि गुणस्तरीय विद्यालय शिक्षा र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरुको

अपेक्षा राख्नु स्वाभाविक पनि हो । शिक्षाले रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गरी मानिसको जीवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक र साँस्कृतिक विकास मार्फत सभ्य समाजको निर्माणमा पनि महत्वपुर्ण भूमिका खेल्ने भएको हुनाले शिक्षालाई गुणस्तरीय बनाउन यसमा प्राथमिकता साथ लगानि गर्नुपर्छ भन्ने माग पनि बढ्दै गएको छ । शिक्षामा गरिने राष्ट्रिय लगानिको बृद्धिले देशको समग्र विकासलाई नै गतिवान बनाएको पाइन्छ । युनेस्कोद्वारा प्रकाशित EFA Global Monitoring Report 2013/14 ले सबैका लागि शिक्षाको लक्ष्य हासिल गर्ने हो भने सन् २०१५ पछि सबै राष्ट्रहरुले कुल राष्ट्रिय उत्पादनको ६ प्रतिसत र वार्षिक बजेटको २० प्रतिसत शिक्षामा खर्च गर्नुपर्ने सुझाव दिएको छ । सोहि प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिसत बराबरको लगानि सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा वार्षिक १ प्रतिसतले बृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ । यिनै कुराहरुलाई मध्यनजर गर्दै अर्नमा गाउँपालिकाले गाउँक्षेत्र भित्र योजनाबद्ध रुपमा शिक्षाको विकास गर्ने उद्देश्यले यो गाउँ शिक्षा योजना निर्माण गरेको छ । यस योजनामा प्रारम्भिक बालविकास शिक्षा देखि माध्यमिक तह सम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरेर सबै बालबालिकाको पहुँच भित्र गुणस्तरीय शिक्षा पुऱ्याउने र शिक्षालाई रोजगारीमुलक, व्यवसायी र प्रविधियुक्त बनाएर जनजीविकासँग प्रत्यक्ष सम्बन्धित बनाउने कार्यक्रमहरु समावेश गरिएका छन् । शिक्षा एक निरन्तर चलिरहने प्रकृया भएकोले औपचारिक शिक्षाको अवसरबाट बन्चित सबैलाई जीवनपर्यन्त सिक्ने वातावरणको निर्माणका लागि पनि यस योजनामा कार्यक्रमहरु समावेस गरिएका छन् । यसका साथै गाउँ क्षेत्र भित्र उच्च शिक्षाको अवस्था, आवश्यकता र संभावनाका विषयमा पनि यस योजनामा विषय उठान गरिएको छ । यसमा प्रस्ताव गरिएका सबै कार्यक्रमहरु यस गाउँ क्षेत्र भित्रका सबै नागरिकहरुको सरोकारका विषयवस्तु भएकाले सबै नागरिकको प्रत्यक्ष तथा परोक्ष संलग्नता, सहभागिता र सहयोगमा कार्यक्रम संचालन गर्ने गरी योजना निर्माण गरिएको छ । यस योजनाले यस गाउँपालिकाद्वारा निर्माण गरिएको शिक्षा नीति २०७^ लाई योजना निर्माणको नीति निर्देशको रुपमा अंगिकार गरेर सोहि अनुसार कार्यक्रम र रणनीतिहरु तय गरिएको छ ।

योजना भनेको भविश्यमा गरिने कामहरुको अनुमान भएकोहुनाले योजना निर्माण गर्दा तथ्यहरुमा आधारित भएर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। यस्तो योजनालाई कार्यरुपमा परिणत गर्नको लागि सम्बन्धित जिम्मेवार निकायहरुको लगनशिलता महत्वपुर्ण हुन्छ । योजनामा प्रश्ताव गरिएका रणनीतिहरु र कार्यकलापलाई यथा समयमा कार्यान्वयन गर्न सकिएको खण्डमा मात्रै अपेक्षा गरिएका उपलब्धिहरु हासिल गर्न सकिन्छ । हाल विभिन्न कोणबाट आलोचित भइरहेको सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाई यसप्रति अभिभावकहरुको आकर्षण बढाउनु आजको आवश्यकता रहेको छ । नेपालको संविधानले स्थानीय तहलाई प्रदत्त गरेको विद्यालय शिक्षाको यो जिम्मेवारी पुरा गर्ने काममा सबैको सहयोग भएमा विद्यालय शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र निशुल्क बनाउने लक्ष्य पुरा गर्न सकिने आशा गर्न सकिन्छ।

### (क) भौगोलिक अवस्थितिको विश्लेषण

अर्नमा गाउँपालिकाको कूल क्षेत्रफल ३७.७७ वर्ग किलोमिटर छ । यो गाउँ पालिका समुन्द्र सतह देखि लगभग १०० मिटर माथि रहेको छ । यो गाउँ पालिका २६.७३ डिग्री उत्तरी अक्षांश देखि ८६.२० डिग्री पुर्बी देशंत्तर सम्म फैलिएको

छ । यो पालिकाको सिमाना उत्तरमा गोलबजार नगरपालिका, पूर्वमा सुखिपुर न.पा तथा  औरही गा.पा, पश्चिममा सिरहा न.पा तथा  विष्णुपुर गा.पा र दक्षिणमा सिरहा न.पा रहेको छ । यसलाई प्रशासनिक रुपमा ५ वटा वडाहरुमा विभाजन गरीएको छ । यहाँको भूस्वरुप समतल क्षेत्र अन्तरगत पर्दछ । यो पालिकाको केन्द्र अर्नमा ग्रामिण बजार हो । यहाँको हावापानी समशितोष्ण खालको छ भने तीन महिना अत्यधिक गर्मी र दुई महिना अत्यधिक जाडो हुने गर्दछ ।

### (ख) जनसाङ्ख्यिक सरंचनाको विश्लेषण

अर्नमा गाउँपालिकाको कूल जनसंख्या २७३८७ जना रहेको छन् जसमा पुरुषको १४५९० जना (५३.२७%), महिलाको १२७९७ जना (४६.७३%) रहेको छ। महिलाको भन्दा पुरुषको जनसंख्या १७९३ जना (६.५४%) ले बढी देखिन्छ । यहाँको लैङ्गिक अनुपात १.१४ छ । विभिन्न उमेर समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**वडागत रुपमा उमेर अनुसारको जनसंख्या विवरण**

**अर्नमा गाउँपालिकामा उमेरगत रुपमा जनसंख्याको विवरण राष्ट्रिय जनगणना २०७८ अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ।**

**तलिका १.२ वडागत रुपमा उमेर अनुसारको जनसंख्या बिवरण**

| Ward | Number of households | Population | | | Average household size | Sex ratio |
|---|---|---|---|---|---|---|
| | | Total | Male | Female | | |
| | | | | | | |
| सबै वडाहरु | 5179 | 27899 | 13592 | 14307 | 5.39 | 95.00 |
| १ | 1432 | 7935 | 3719 | 4216 | 5.54 | 88.21 |
| २ | 726 | 3611 | 1731 | 1880 | 4.97 | 92.07 |
| ३ | 1448 | 7573 | 3784 | 3789 | 5.23 | 99.87 |
| ४ | 682 | 3774 | 1833 | 1941 | 5.53 | 94.44 |
| ५ | 891 | 5006 | 2525 | 2481 | 5.62 | 101.77 |

*स्रोत :राष्ट्रिय जनगणना २०७८*

**उमेर अनुसार जनसंख्या विवरण**

| उमेर | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| **All Ages** | **27899** | **13592** | **14307** |
| 0 Year | 479 | 281 | 198 |
| 1 Year | 616 | 351 | 265 |
| 2 Year | 702 | 395 | 307 |
| 3 Year | 803 | 427 | 376 |
| 4 Year | 720 | 399 | 321 |

| | | | |
|---|---|---|---|
| 5 Year | 876 | 459 | 417 |
| 6 Year | 756 | 406 | 350 |
| 7 Year | 659 | 328 | 331 |
| 8 Year | 780 | 401 | 379 |
| 9 Year | 465 | 253 | 212 |
| 10 Year | 840 | 473 | 367 |
| 11 Year | 420 | 222 | 198 |
| 12 Year | 743 | 391 | 352 |
| 13 Year | 523 | 260 | 263 |
| 14 Year | 614 | 312 | 302 |
| 15 Year | 575 | 300 | 275 |
| 16 Year | 626 | 311 | 315 |
| 17 Year | 480 | 266 | 214 |
| 18 Year | 779 | 426 | 353 |
| 19 Year | 374 | 181 | 193 |
| 20 Year | 838 | 378 | 460 |
| 21 Year | 357 | 162 | 195 |
| 22 Year | 618 | 268 | 350 |
| 23 Year | 320 | 123 | 197 |
| 24 Year | 413 | 177 | 236 |
| 25 Year | 677 | 261 | 416 |
| 26 Year | 435 | 196 | 239 |
| 27 Year | 283 | 115 | 168 |
| 28 Year | 491 | 186 | 305 |
| 29 Year | 173 | 91 | 82 |
| 30 Year | 841 | 333 | 508 |
| 31 Year | 141 | 62 | 79 |
| 32 Year | 411 | 173 | 238 |
| 33 Year | 194 | 83 | 111 |
| 34 Year | 202 | 108 | 94 |
| 35 Year | 818 | 319 | 499 |
| 36 Year | 272 | 109 | 163 |
| 37 Year | 167 | 72 | 95 |
| 38 Year | 375 | 140 | 235 |

| | | | |
|---|---|---|---|
| 39 Year | 122 | 60 | 62 |
| 40 Year | 729 | 320 | 409 |
| 41 Year | 84 | 39 | 45 |
| 42 Year | 270 | 136 | 134 |
| 43 Year | 130 | 53 | 77 |
| 44 Year | 82 | 39 | 43 |
| 45 Year | 546 | 241 | 305 |
| 46 Year | 142 | 52 | 90 |
| 47 Year | 79 | 38 | 41 |
| 48 Year | 245 | 104 | 141 |
| 49 Year | 77 | 36 | 41 |
| 50 Year | 585 | 267 | 318 |
| 51 Year | 72 | 40 | 32 |
| 52 Year | 193 | 106 | 87 |
| 53 Year | 107 | 40 | 67 |
| 54 Year | 84 | 42 | 42 |
| 55 Year | 477 | 228 | 249 |
| 56 Year | 152 | 69 | 83 |
| 57 Year | 85 | 46 | 39 |
| 58 Year | 177 | 79 | 98 |
| 59 Year | 72 | 46 | 26 |
| 60 Year | 490 | 245 | 245 |
| 61 Year | 59 | 36 | 23 |
| 62 Year | 143 | 72 | 71 |
| 63 Year | 88 | 47 | 41 |
| 64 Year | 69 | 28 | 41 |
| 65 Year | 334 | 174 | 160 |
| 66 Year | 95 | 55 | 40 |
| 67 Year | 51 | 28 | 23 |
| 68 Year | 134 | 71 | 63 |
| 69 Year | 101 | 57 | 44 |
| 70 Year | 275 | 133 | 142 |
| 71 Year | 55 | 29 | 26 |
| 72 Year | 116 | 69 | 47 |

| | | | |
|---|---|---|---|
| 73 Year | 70 | 37 | 33 |
| 74 Year | 31 | 18 | 13 |
| 75 Year | 140 | 74 | 66 |
| 76 Year | 35 | 21 | 14 |
| 77 Year | 24 | 15 | 9 |
| 78 Year | 41 | 21 | 20 |
| 79 Year | 11 | 2 | 9 |
| 80 Year | 59 | 27 | 32 |
| 81 Year | 1 | 0 | 1 |
| 82 Year | 7 | 4 | 3 |
| 83 Year | 5 | 3 | 2 |
| 84 Year | 2 | 1 | 1 |
| 85 Year | 29 | 11 | 18 |
| 86 Year | 5 | 5 | 0 |
| 87 Year | 2 | 1 | 1 |
| 88 Year | 4 | 3 | 1 |
| 89 Year | 11 | 5 | 6 |
| 90 Year | 19 | 8 | 11 |
| 91 Year | 1 | 1 | 0 |
| 92 Year | 2 | 0 | 2 |
| 93 Year | 1 | 1 | 0 |
| 94 Year | 1 | 0 | 1 |
| 95 Year | 5 | 4 | 1 |
| 96 Year | 3 | 0 | 3 |
| 97 Year | 1 | 0 | 1 |
| 98 Year | 2 | 1 | 1 |
| 99 Year | 1 | 1 | 0 |
| 100 Year and above | 10 | 5 | 5 |

*स्रोत :राष्ट्रिय जनगणना २०७८*

## जातिको अधारमा जनसंख्याको विवरण

यस अर्नमा गाउँपालिकाको जम्मा जनसंख्या २७८९९ मध्ये जातजातिको अधारमा जनसंख्या बिबरण तलको तालिकामा दिईएको छ । यस अर्नमा गाउँपालिकामा जम्मा ३६ जातजातीहरुको बसोबास रहेको छ जसमा यादवको जनसंख्याँ सबै भन्दा बढी र दशनामीको जनसंख्याँ सबै भन्दा कम रहेको छ। धार्मिक हिसावले यस गाउँपालिकामा ५ धर्मका मानिसहरुको बसोबास रहेको छ जसमा हिन्दु, बौध, ईस्लाम, किरात र क्रिस्चियन रहेको छ। धार्मिक हिसाबले सबै भन्दा बढी हिन्दु र सबै भन्दा कम किरात धर्म मान्ने रहेको छ जुन तलको तालिकामा उल्लेख गरिएको छ।

| Area and sex | Total Population | Hindu | Bouddha | Islam | Kirat | Christian |
|---|---|---|---|---|---|---|
| **Total** | **27899** | **24440** | **2** | **3449** | **1** | **7** |
| **Male** | **13592** | **12006** | **0** | **1581** | **1** | **4** |
| **Female** | **14307** | **12434** | **2** | **1868** | **0** | **3** |

*स्रोत :राष्ट्रिय जनगणना २०७८*

## अर्नमा गाउँपालिकाको जातीगत जनसंख्या बिवरण

| (क्र.सं. | जातिगत विवरण | जम्मा जनसंख्याँ | प्रतिशत |
|---|---|---|---|
| 1 | All Caste | 27899 | 100 |
| 2 | Yadav | 6356 | 22.78 |
| 3 | Koiri/Kushwaha | 3789 | 13.58 |
| 4 | Musalman | 3448 | 12.36 |
| 5 | Chamar/Harijan/Ram | 2374 | 8.51 |
| 6 | Musahar | 1525 | 5.47 |
| 7 | Kewat | 1116 | 4.00 |
| 8 | Dhanuk | 936 | 3.35 |
| 9 | Tatma/Tatwa | 924 | 3.31 |
| 10 | Danuwar | 899 | 3.22 |
| 11 | Teli | 783 | 2.81 |
| 12 | Gaderi/Bhediyar | 682 | 2.44 |
| 13 | Mallaha | 680 | 2.44 |
| 14 | Hajam/Thakur | 545 | 1.95 |
| 15 | Khatwe | 539 | 1.93 |
| 16 | Oraon/Kudukh | 532 | 1.91 |
| 17 | Badhaee/Badhee | 368 | 1.32 |
| 18 | Kshetri | 344 | 1.23 |
| 19 | Sundi | 340 | 1.22 |

| | | | |
|---|---|---|---|
| 20 | Dhobi | 260 | 0.93 |
| 21 | Dusadh/Pasawan/Pasi | 246 | 0.88 |
| 22 | Haluwai | 241 | 0.86 |
| 23 | Tharu | 222 | 0.80 |
| 24 | Baraee | 106 | 0.38 |
| 25 | Kurmi | 104 | 0.37 |
| 26 | Foreigner | 98 | 0.35 |
| 27 | Amat | 97 | 0.35 |
| 28 | Lohar | 66 | 0.24 |
| 29 | Dom | 65 | 0.23 |
| 30 | Brahman - Tarai | 54 | 0.19 |
| 31 | Others | 43 | 0.15 |
| 32 | Kayastha | 31 | 0.11 |
| 33 | Brahman - Hill | 29 | 0.10 |
| 34 | Mali | 25 | 0.09 |
| 35 | Kalwar | 22 | 0.08 |
| 36 | Sanyasi/Dasnami | 10 | 0.04 |

*स्रोत :राष्ट्रिय जनगणना २०७८*

## (ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

अर्नमा गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विविधता, सामाजिक सहकार्य, परम्परा र स्थानीय मौलिकतामा आधारित रहेको छ। यहाँ विभिन्न जातजाति, भाषाभाषी, धर्म तथा समुदायका मानिसहरू आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावका साथ बसोबास गर्दै आएका छन्। समुदायमा एक–अर्काको संस्कृति, परम्परा, भाषा, धर्म तथा सामाजिक मूल्य–मान्यताप्रति सम्मान गर्ने अभ्यास रहेको पाइन्छ।

गाउँपालिकामा परम्परागत सामाजिक तथा सांस्कृतिक गतिविधिहरूले समुदायलाई एकताबद्ध बनाउन महत्वपूर्ण भूमिका खेलेका छन्। विभिन्न चाडपर्व, धार्मिक तथा सांस्कृतिक कार्यक्रम, जात्रा, पूजा, विवाह, व्रत तथा अन्य सामाजिक समारोहहरू सामूहिक रूपमा मनाउने परम्परा रहेको छ। यस्ता गतिविधिले स्थानीय कला, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण र पुस्तान्तरणमा सहयोग पुर्‍याउँदै आएका छन्।समुदायमा आपसी सहयोग, श्रमदान, सामाजिक सहभागिता तथा सामूहिक निर्णय गर्ने अभ्यास पनि रहेको छ। स्थानीयस्तरमा महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक तथा विभिन्न समुदायको सामाजिक सहभागिता विस्तार हुँदै गएको छ। महिला तथा बालबालिकाको शिक्षा, सामाजिक सहभागिता, नेतृत्व विकास र अधिकारप्रतिको चेतनामा क्रमशः सुधार हुँदै गएको देखिन्छ। युवाहरूमा शिक्षा, रोजगारी, सीप विकास तथा आधुनिक प्रविधिप्रति आकर्षण बढ्दै गएको छ।

यद्यपि सामाजिक तथा सांस्कृतिक क्षेत्रमा केही चुनौतीहरू पनि विद्यमान छन्। परम्परागत सोच, सामाजिक विभेद, लैङ्गिक असमानता, बालविवाह, दाइजो तथा अन्य हानिकारक सामाजिक प्रचलनले कतिपय अवस्थामा सामाजिक विकासमा बाधा पुऱ्याउन सक्छन्। साथै आधुनिक जीवनशैली र बसाइँसराइका कारण कतिपय मौलिक भाषा, कला, संस्कृति तथा परम्परागत ज्ञान क्रमशः कमजोर हुने सम्भावना रहेको छ।यस अवस्थामा अर्नमा गाउँपालिकाले समावेशी तथा समानतामूलक सामाजिक विकासलाई प्राथमिकता दिँदै स्थानीय कला, संस्कृति, भाषा तथा परम्पराको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ। महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक तथा पछाडि परेका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सामाजिक सद्भाव, समानता, मानव अधिकार र सामाजिक न्यायमा आधारित वातावरण निर्माण गर्नुपर्ने देखिन्छ। विद्यालय तथा समुदायमार्फत स्थानीय संस्कृति, नैतिक मूल्य, सामाजिक उत्तरदायित्व र विविधताको सम्मानसम्बन्धी चेतना अभिवृद्धि गर्न सकेमा गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक विकास थप सुदृढ बनाउन सकिनेछ।

### (घ) आर्थिक अवस्थाको विश्लेषण:

अर्नमा गाउँ पालिकाका सम्बन्धि छुटै तथ्यांकहरू उपलब्ध नभएकोले सिरहा जिलालाको तथ्यांकलाई यस गाउँ पालिका को हकमा पनि सामान्यीकरणगरिएको छ। नेपाल मानब बिकाश सूचांकको अनुसार यो गाउँ पालिका ६२औं स्थान मा पर्दछ भन्ने प्रति व्यक्ति आय १००७ अमेरिकी डलरर जीवन प्रत्यासा६३ वर्ष रहेको छ। त्यस्तै नेपाल गरिबी नक्शांकन २०७८ अनुशर अर्नमा गाउँ पालिकाको गरिबी संख्या ९५४७ जना अर्थात् ४१.७७ प्रतिशत जसको सरदार प्रतिव्यक्तिउपभोग रु.२४०१० र गरिबी को गहिराई (Gap) ०.०९९६ र तिब्रता (Severity) ०.०३३५ देखाएको छ।

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन अर्नमा गाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ। यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ।

### (ङ) शैक्षिक अवस्थाको विश्लेषण:

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्। यसै गरी अर्नमा गाउँपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन्। यस खण्डमा अर्नमा गाउँपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत

व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

**नीतिगत प्रबन्ध**

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षा सम्बन्धी हकको उल्लेख गरिएको छ। उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकार तथा कार्यहरु प्रदान गरे अनुरुप अर्नमा गाउँपालिकाले शिक्षा नियमावली, २०७५,शिक्षा ऐन,२०७६ शिक्षा नीति, कार्यनीति शिक्षा योजना २०८१-२०९० निर्माण गरि अर्नमा गाउँ पालिकाको राजपत्रमा प्रकाशित गरेर कार्यन्वयन भईरहेको छ। यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

**उपलब्धिको अवस्था**

अर्नमा गाउँ पालिकामा जम्मा २४ वटा बिधालयहरु रहेकाछन जसमा १३ वटा सामुदायिक बिधालय छन् भने ६ वटा संस्थागत बिधालयहरु छन्। यसको अलाबा यस पालिकामा ५ वटा धार्मिक बिधालय मदर्शा पनि रहेका छन्। यस गाउँ पालिकाको कुल साक्षरता दर ६६.१ प्रतिशत रहेको छ। यस गाउँ पालिकाको महिला साक्षरता दर ५६.८ प्रतिशत छ त्यसै गरी पुरुष साक्षरता दर ७६.४ प्रतिशत रहेको छ। यस गाउँ पालिकामा बल विकास केन्द्र मा कुल भर्ना दर 70.4 र खुद भर्ना दर ५२.० प्रतिशत छ र बल विकास केन्द्र को अनुभब लिएर 63.8 प्रतिशत बालबालिका कक्षा १ मा भर्ना हुने गरेको छ। फ्ल्यास रिपोर्ट २०८० को अनुसार यँहा कक्षा 1 मा कुल भर्ना दर 78.3 र खुद भर्ना दर 40.7 रहेको छ। त्यसैगरी कक्षा १ देखि ५ सम्म को कुल भर्ना दर 111.4 प्रतिशत छ भन्ने खुद भर्ना दर ९3.६ प्रतिशत रहेको छ।

कक्षा ६ देखि ८ को कुल भर्ना दर 78.5 प्रतिशत छ त्यसै गरि खुद भर्ना दर 71.3 रहेको छ। कक्षा ८ को टिकाउ दर 41.5 प्रतिशत छ। कक्षा ९ देखि १० को कुल भर्ना दर 65.4 प्रतिशत र खुद भर्ना दर 40.1 प्रतिशत छ। कक्षा ९ देखि १२ को कुल भर्ना दर 32.2 प्रतिशत र खुद भर्ना दर 19.8 प्रतिशत रहेको छ। यस गाउँ पालिकाको कक्ष ११ देखि १२ को कुल भर्ना दर 1.5 र खुद भर्ना दर 0.6 प्रतिशत रहेको छ। उपरोक्त तथ्यांकलाई हेर्दा यस गाउँ पालिका को शिक्षाको स्तर सुधारको खाँचो देखिन्छ।

**बिद्यालय क्षेत्र विकास योजना कार्यन्वयन**

विद्यालय क्षेत्र विकास योजना (२०८१-२०९०) ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु परिकल्पना गरि अगाडि सारे पश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले अर्नमा गाउँपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहल कदमी गरे तापनि जडा गाडेको केही समस्या दरबन्दी, दरबन्दी अनुसार शिक्षक व्यवस्थापन सम्बन्धी समस्या, शैक्षिक समस्या तथा शैक्षिक समस्या प्रतिको सारोकारवालाको उदासिनताले गर्दा **चुनौतीको** सामना बढी गर्नु परिरहेको छ । जसले गर्दा योजना कार्यन्वयनमा हुन सक्ने अपेक्षित उपलब्धी प्राप्त नहुने देखिन्छ ।

**दिगो विकास लक्ष्यहरु**

दीगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने" लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा भएको "दीगो विकासका लागि शिक्षा" कार्यक्रम र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य नं. ४ हासिल गर्न अर्नमा गाउँपालिकाले शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ। सो लक्ष्य प्राप्तिका लागि यस गाउँपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित १० वर्षको शिक्षा क्षेत्रको योजना (२०२४-२०३३) तयार गरी कार्यान्वयनमा ल्याउन प्रयासरत छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

अर्नमा गाउँपालिकाको समग्र शैक्षिक अवस्था, विद्यालय शिक्षाको वर्तमान अवस्था तथा उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरूलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छः

- प्रारम्भिक बालविकास केन्द्र/कक्षाहरूको आवश्यकताका आधारमा नक्साङ्कन, समायोजन तथा पुनर्वितरण गरी निर्धारित मापदण्डअनुसार प्रभावकारी रूपमा सञ्चालन गर्नु।
- विद्यालयको पहुँच र भौगोलिक अवस्थालाई ध्यानमा राखी विद्यालय नक्साङ्कनका आधारमा सुलभ दूरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- सबै बालबालिकाका लागि बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित सिकाइ वातावरण निर्माण गर्नु।
- विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, खानेपानी, सरसफाइ, शौचालय, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला तथा अन्य शैक्षिक पूर्वाधारको विकास र व्यवस्थापन गर्नु।
- सबै विद्यालयमा इन्टरनेट, सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी शिक्षण–सिकाइ प्रक्रियामा प्रविधिको प्रभावकारी प्रयोग सुनिश्चित गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रूपमा निःशुल्क तथा गुणस्तरीय बनाउँदै सबै बालबालिकाको नियमित पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु।
- विद्यालय शिक्षाको प्रारम्भिक बालविकास तहदेखि माध्यमिक तहसम्म व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरूलाई एकीकृत गर्दै विद्यार्थीले सिकेको ज्ञान तथा सीपलाई दैनिक जीवनमा प्रयोग गर्न सक्ने बनाउनु।

- स्थानीय आवश्यकता, सम्भावना र श्रम बजारसँग अनुकूल हुने गरी व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि आवश्यक संरचना, जनशक्ति तथा कार्यक्रमको विकास र कार्यान्वयन गर्नु।
- शिक्षक तथा विद्यार्थीको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गरी डिजिटल सामग्री तथा प्रविधिमैत्री शिक्षण–सिकाइको प्रभावकारी प्रयोग बढाउनु।
- विद्यालयमा पर्याप्त तथा विषयगत शिक्षकको व्यवस्थापन गर्नुका साथै विद्यार्थी संख्या, विद्यालयको तह तथा विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दीको पुनरावलोकन र मिलान गर्नु।
- अर्नमा गाउँपालिकाभित्र रहेका विद्यालयहरूमा प्रधानाध्यापक तथा शिक्षकको प्रभावकारी व्यवस्थापन गर्दै आवश्यकताका आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण गरी शिक्षक अभाव र असमान वितरणको समस्या समाधान गर्नु।
- शिक्षकहरूको पेसागत विकास, क्षमता अभिवृद्धि तथा निरन्तर सिकाइका अवसर विस्तार गरी शिक्षण सिकाइको गुणस्तर सुधार गर्नु।
- विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन निरन्तर मूल्याङ्कन, उपचारात्मक शिक्षण तथा सिकाइ सुधारका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्नु।
- विद्यालय शिक्षामा अभिभावक, समुदाय तथा स्थानीय सरोकारवालाको अर्थपूर्ण सहभागिता बढाई विद्यालयको शैक्षिक गुणस्तर र उत्तरदायित्व अभिवृद्धि गर्नु।
- विद्यालय छाड्ने, कक्षा दोहोर्‍याउने तथा नियमित विद्यालय उपस्थित नहुने बालबालिकाको पहिचान गरी समयमै सहयोग, परामर्श तथा पुनःभर्नाका कार्यक्रम सञ्चालन गर्नु।
- शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखिन सक्ने लैङ्गिक, सामाजिक, आर्थिक तथा अन्य प्रकारका असमानता न्यूनीकरण गर्दै सबै बालबालिकाका लागि समान शैक्षिक अवसर सुनिश्चित गर्नु।

| बिद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्माइकाई | CLC | अन्य | इकाईगत सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ | | | | १-५ | ६-८ | ९-१० | ११-१२ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | **17** | **21** | | | | | **8** | | | **5** | | **2** | | **36** | **15** | **36** | **7** | **2** | **7** | **36** | **0** | **0** | **21** | **8** | **5** | **2** |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | **14** | **12** | | | | | **1** | | | **3** | | **2** | | **18** | **6** | **18** | **5** | **2** | **5** | **18** | **0** | **0** | **12** | **1** | **3** | **2** |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | **0** | **12** | **0** | **0** | **0** | | **1** | **0** | **0** | **3** | **0** | **2** | **0** | **18** | **6** | **18** | **5** | **2** | **5** | **18** | **0** | **0** | **12** | **1** | **3** | **2** |
| सामुदयिक बिशेष बिद्यालय | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | **0** | **5** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **5** | **0** | **5** | **0** | **0** | **0** | **5** | **0** | **0** | **5** | **0** | **0** | **0** |
| घुम्ती बिद्यालयहरुको सङ्ख्या | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| आवासिय सुबिधा सहितका बिद्यालयहरु | | | | | | | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | | | | | | | | | | **1** | **0** | **0** | **0** | **0** | **0** | **0** | **1** | **0** | **1** | **1** | **0** | **0** | **0** | **0** | **0** | **1** |
| नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालयहरु | | | | | | | | | | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालयहरु (सबै प्रकारका) | 0 | | | | | | | | | | | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालयहरु | 0 | | | | | | | | | | | **0** | **2** | **0** | **0** | **0** | **0** | **2** | **2** | **2** | **0** | **0** | **0** | **0** | **0** | **2** |
| खुल्ला बिद्यालय सङ्ख्या | 0 | | | | | | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | 0 | 0 | | | | | | | | | | | | | | | | | | | **1** | **0** | **0** | **0** | **0** | **0** |
| अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |

## १.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण

यस अर्नमा गाउँ पालिकाको शिक्षा क्षेत्रको सबल पक्ष, अवसर, चुनौती र सुधार गर्ने पक्षलाई तल विश्लेषण गरिएको छ

**क) शिक्षा क्षेत्रका सबल पक्षहरु**

अर्नमा गाउँ पालिका को शिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् :

- यस गाउँ पालिकामा सबै वडाहरुमा बिधालय रहेकाछन
- शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ
- प्राय सबै बिधालय मा बल्बिकाश केन्द्र रहेको छ
- कक्ष १ को कुल भर्ना १०१.२ र खुद भर्ना दर९६.१ रहेको छ जुन राम्रो नै हो
- पालिका को कुल साक्षरता दर ६६.१ प्रतिशत जसमा पुरुष साक्षरता दर ७६.४ रहेको छ

**ख) शिक्षा क्षेत्रका अबसरहरु**

- संबैधानिक प्राबधान अनुसार यस गाउँ पालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको
- पालिका शिक्षा सम्बन्धि नितिगर ब्यबस्था गर्न प्रयासरत रहेको
- यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेको
- यो गाउँ पालिका शिक्षा क्षेत्र को विकास गर्न सहज रहेको
- यस गाउँ पालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ सस्थाहरु कार्यरत रहेको

## ग) शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु

- बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउ को लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तह बाट निरन्तर अनुगन मा जोड
- बिधालय मा खाजा ब्यबस्थापन भएपनि तेस्को गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगामा गर्नु पर्ने
- छिमेकी स्थानीय तह को साक्षरता दर अनुरुप अगाडी बढन यस पालिका ले ध्यान केन्द्रित गर्नु पर्ने
- प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने
- स्थानीय तह ले सिक्षा क्षेत्र को बजेट बढाउन जोड दिनु पर्ने

## घ) शिक्षा क्षेत्रको चुनौतिहरु

अर्नमा गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् -

- प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउँनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।
- शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता साथै अर्नमा गाउँपालिकाले दरवन्दी मिलान गरेर भएपनी शिक्षक र प्र.अ. को व्यवस्थापन गर्नु पर्ने ।

## १.४ अवसर

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेकाछन् -

- विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने।
- शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।
- दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको।
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
- शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको।

# परिच्छेद दुईः दुरदृष्टि, ध्येय, रणनीति तथा लक्ष्य

## २.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२४-२०३३) तयार गरिएको छ।

वि.स.२०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस गाउँपालिकाको गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरु,  शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning  Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न  आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको

सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२४-२०३३) निर्माण गर्नु सान्दर्भिक देखिन्छ।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०९० (सन् २०३३) सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

## २.२ अर्नमा गाउँपालिकाको दूरदृष्टि

गुणस्तरीय, समावेशी, समतामूलक, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षा अर्नमा गाउँपालिकाको आजको आवश्यकता हो। स्थानीय आवश्यकता, सम्भावना र स्रोतसाधनको अधिकतम उपयोग गर्दै सबै बालबालिकाका लागि सहज पहुँचयोग्य, सुरक्षित र बालमैत्री शैक्षिक वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने तथा व्यावसायिक र प्राविधिक शिक्षाको माध्यमबाट दक्ष, सक्षम र आत्मनिर्भर जनशक्ति विकास गरी सुखी, समुन्नत तथा समृद्ध समाज निर्माणमा योगदान पुऱ्याउने। अर्नमा गाउँपालिकाको शैक्षिक विकासलाई समयानुकूल, प्रविधिमैत्री र परिणाममुखी बनाउँदै विद्यालय शिक्षामा सबै वर्ग, समुदाय, लिङ्ग, अपाङ्गता तथा आर्थिक–सामाजिक अवस्थाका बालबालिकाको समान सहभागिता सुनिश्चित गर्ने, स्थानीय ज्ञान, सीप, भाषा, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्दै शिक्षालाई रोजगारी, उद्यमशीलता र आत्मनिर्भरतासँग जोड्ने दूरदृष्टि रहेको छ।

## २.३ लक्ष्य

अर्नमा गाउँपालिकामा सबै बालबालिकाको शिक्षामा समान पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्दै गुणस्तरीय, जीवनोपयोगी, व्यवहारिक, व्यावसायिक तथा प्राविधिक शिक्षाको विकासमार्फत नवप्रवर्तनशील, दक्ष, सीपयुक्त, सिर्जनशील, आत्मनिर्भर तथा जिम्मेवार नागरिक तयार गर्नु यस शिक्षा क्षेत्र योजनाको प्रमुख लक्ष्य हो।

यस लक्ष्यअन्तर्गत प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षालाई बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, समावेशी तथा सुरक्षित बनाउँदै विद्यार्थीको ज्ञान, सीप, क्षमता, सिर्जनशीलता र सकारात्मक व्यवहारको विकास गर्ने लक्ष्य लिइएको छ। साथै, शिक्षालाई स्थानीय आवश्यकता, सामाजिक मूल्य–मान्यता, संस्कृति, वातावरण तथा जीवनोपयोगी सीपसँग जोड्दै विद्यार्थीलाई दैनिक जीवनका समस्या समाधान गर्न सक्ने र बदलिँदो परिस्थितिसँग अनुकूलन हुन सक्ने बनाइनेछ।गुणस्तरीय शिक्षाका लागि सक्षम तथा विषयगत शिक्षकको व्यवस्थापन, शिक्षकको पेसागत क्षमता विकास, उपयुक्त शैक्षिक सामग्री तथा प्रविधिको प्रयोग, सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार, आवश्यक भौतिक पूर्वाधारको विकास तथा प्रभावकारी शैक्षिक व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। व्यावसायिक तथा प्राविधिक शिक्षाको अवसर विस्तार गरी युवालाई रोजगार, स्वरोजगार तथा उद्यमशीलतासँग जोड्ने र स्थानीयस्तरमै दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यसमेत लिइएको छ।यसका साथै समता, समानता, सामाजिक न्याय, मानव अधिकार, लोकतान्त्रिक मूल्य–मान्यता, सामाजिक सद्भाव, वातावरणीय संरक्षण तथा समावेशिताप्रति सचेत र उत्तरदायी नागरिक तयार गर्दै अर्नमा गाउँपालिकालाई शैक्षिक रूपमा सक्षम, आत्मनिर्भर, समुन्नत तथा समृद्ध गाउँपालिकाका रूपमा विकास गर्न योगदान पुऱ्याउने लक्ष्य राखिएको छ।

## २.४ उद्देश्य

२.४.१ सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु।

२.४.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु।

२.४.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

२.४.४ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु।

२.४.५ विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।

२.४.६ विद्यालयलाई भय, विभेद र दुव्र्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।

२.४.७ आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

२.४.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

२.४.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु।

## २.५ रणनीति

२.५.१ सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुच सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक से वाको पहुच विस्तार गर्न ।

२.५.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।

२.५.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने।

२.५.४ सबै बालबालिका तथा नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।

२.५.५ विद्यालयहरुमा सुशासन तथा सामाजिक परीक्षणको असल अभ्यासको प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण

गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने।

२.५.६ स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने।

२.५.७ विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।

२.५.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने।

२.५.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

## २.६ कार्यनीति

यस अर्नमा गाउँ पालिकाको शिक्षाको कार्यनीति यस प्रकार हुनेछ :

१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ।

२. विद्यालय शिक्षामा पहुच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्र म, निःशुल्क पाठ्यपसुतक, छात्रवृति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्र म सञ्चालन गरिनेछ।

३. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिइ विभिन्न प्रोत्साहनमू लक कार्यक्र म सञ्चालन गरी स्थानीय तहले आफ्नो से वा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्र म सञ्चालन गरिनेछ।

४. सबैका लागि अनिवार्य तथा निःशलुक शिक्षा सनिश् ु चित गर्न शारीरिक तथा सामाजिकरूपमा पछाडि परेको बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ।

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयक् तु पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

शिक्षा क्षेत्रको योजनाको अन्त्य ९सन २०३३० सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ। शिक्षा क्षेत्रको योजनाको अन्त्य (सन् २०३३) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ।

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने ।
४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू,स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने ।
६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।
७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।
८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने ।
९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने ।
१०. आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने ।
११. हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने ।
१२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने ।
१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।
१४. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुने ।

### २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

अर्नमा गाउँ पालिकाको १० बर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२४/२५-२०३३/३४)क मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ ।

| क्र.स. | सूचकहरु | आधारबर्षको अवस्था २०२४ | लक्ष्य | |
|---|---|---|---|---|
| | | | सन् २०२८ | सन् २०३३ |
| **१. प्रारम्भिक बाल बिकाश तथा शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | ३५.७ | १०० | १०५ |
| १.२ | चार बर्षका  बालबालिकाहरुको भर्ना प्रतिशत | ३७ | ९० | १०० |
| १.३ | न्यनतम योग्यता पुगेका शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६३.८ | ९० | १०० |
| **२. आधारभुत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ७८.३ | १०६ | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ४०.७ | ९९ | ९९ |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १११.४ | ११२ | १०७ |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९३.६ | १०० | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | ९५.५ | ११५ | ११० |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ८५.५ | ९९ | १०० |
| २.७ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | १.०५ | १ | १ |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ४१.५ | ९८.९ | ९९.५ |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७.४ | ९८.७ | ९९ |
| २.१० | ५-१२ बर्ष उमेरका बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २.११ | १ | ० |
| **३. माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | ६५.४ | १०६ | १०० |
| ३.२ | खुद भर्ना दर कक्षा ९-१० | ४०.१ | ९९ | ९९ |
| ३.३ | कुल भर्नादर कक्षा 11-12 | १.५ | ११२ | १०७ |
| ३.४ | खुद भर्नादर कक्षा 11-12 | ०.६ | १०५.९ | १०९ |

| | | | | |
|---|---|---|---|---|
| ३.५ | कुल भर्नादर कक्षा 9 -१२ | ३२.६ | ८१.४ | ९६.४ |
| ३.६ | खुद भर्नादर कक्षा 9-१२ | १९.८ | ९१.६ | ९७.0 |
| ३.७ | कक्षा १० सम्म को टिकाउ दर | २९.१ | ५८.१ | ७२.१ |
| ३.८ | कक्षा १२ सम्म को टिकाउ दर | | ७७.३ | ८५.८ |
| ३.९ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | २.२३ | ४०.१ | ६२.२ |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई** | | | | |
| ४.१ | ५ बर्ष माथिको साक्षरता दर | ६६ | ९६ | १०० |
| ४.२ | १५-२४ बर्षको साक्षरता दर | ८६.९२ | ९९ | १०० |
| ४.३ | १५ बर्ष माथीको साक्षरता दर | ५७ | ९५ | १०० |
| **५. महिला शिक्षक प्रतिशत** | | | | |
| ५.१ | आधारभुत तह | ४४.६ | ५० | ५० |
| ५.२ | माध्यमिक तह | ११.१ | २५ | ३० |
| **६. प्राथमिकता प्राप्त न्युनतम सक्षमता (PMEC) पुरा गरेका बिद्यालय प्रतिशत** | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ५९.९ | ६० | ९० |
| ६.२ | आधारभुत बिद्यालय | | ७० | ९५ |
| ६.३ | माध्यमिक बिद्यालय | | ६० | ९० |
| **७** | **पालिकाको बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत** | | १७ | २० |

## परिच्छेद तीन: बिधालय शिक्षाका मुख्य उपक्षेत्रहरु

**परिचय**

यस शिक्षा क्षेत्रको योजना सन् २०२४-२०३३ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका अर्थात् सन् २०२४-२०२८ लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

### ३.१ बालविकास र शिक्षा

परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरेको छ, साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं र सोह्रौ पञ्चबर्षिय योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर

गरेर अर्नमा गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने  प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.१ अर्नमा गाउँ पालिकाको वर्तमान अवस्था

अर्नमा गाउँपालिकामा हाल १७ वटा बालविकास कक्षा विभिन्न विधालयहरूमा सञ्चालनमा रहेका छन्। १७ वटा सरकारी अनुदान प्राप्त, जम्मा १७ जना शिक्षकहरु सेवारत छन्। ४-५ वर्ष उमेरको कूल जनसंख्या १५९६ रहेको यस पालिकामा ५६६ (३५.४६%) जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन्। कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ८१.५ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.९८ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन्, जसमध्ये, एस्.एल्.सी. योग्यता भएका ५ जना, प्रवीणता प्रमाणपत्र तह योग्यता भएका ९ जना र सो भन्दा माथिल्लो योग्यता भएका ३ जना सहजकर्ता कार्यरत छन्। यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार  यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ। प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यून छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन। तथापी सबै सहजकर्तालाई ५ दिने पुनर्ताजगी तालिम शैक्षिक शत्र २०७७ मा दिईएको थियो।

प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरु -

१. १७ मध्ये कुनै पनि प्रारम्भिक बालविकास केन्द्रले न्यूनतम् मापदण्ड पूरा नगर्नु।
२. प्रारम्भिक वालविकास उमेर समूहका ६४.३ प्रतिशत वालवालिकाहरु विद्यालय बाहिर हुनु।
३. प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका जम्मा विद्यार्थीहरुमध्ये ३५.४६ प्रतिशत मात्रै उपयुक्त उमेर समूहको हुनु।
४. प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाहरु ८१.५ प्रतिशत मात्रै हुनु।
५. प्रारम्भिक वालविकास तथा शिक्षा पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु।
६. सहजकर्ताहरुको पारिश्रमिक न्यून हुनु।
७. बालविकास तथा शिक्षामा शिक्षक विद्यार्थीको अनुपात १:३३ हुनु।
८. अपाङ्ग विद्यार्थीहरुको अद्यावधिक तथ्याङ्क नहुनु।
९. कुनै पनि सहजकर्ता आधारभूत तालिम प्राप्त नहुनु।

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ -

१. १२ वटा नयाँ सहित २९ ओटै बालविकास केन्द्रहरुलाई न्यूनतम मापदण्ड पुरा गरेको सुनिश्चित गर्नु।
२. शतप्रतिशत बालवालिकाहरुको लागि प्रारम्भिक बालविकासको अवसर सुनुश्चित गर्नु।
३. शिक्षक र विद्यार्थी अनुपातलाई राष्ट्रिय मापदण्ड अनुसार पुर्याउन १२ वटा नयाँ बा.वि. केन्द्र स्थापना गर्नु।
४. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।
५. २९ वटै सहजकर्ताहरुलाई क्षमताविकास तालिम दिई प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु।
६. सबै सहजकर्ताहरुको तलब ILO को मापदण्ड बमोजिम वृद्धि गर्नु।
७. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुमा भएको अपाङ्गताको पहिचान गरि सहयोग सुनिश्चित गर्नु।

### ३.१.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ -

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन गरि आवश्यकता अनुसार थप १२ ओटा बालविकास केन्द्रहरुको स्थापना र संचालन गर्ने।
२. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु गुणस्तर सुनिश्चित गर्ने।
३. अभिभावक शिक्षा मार्फत प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गराउने।
४. सहजकर्ताको क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गर्ने।
५. सहजकर्ताहरुको पारिश्रमिक तथा अन्य सेवासुविधाहरु वृद्धि गर्ने।
६. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुमा भएको अपाङ्गता पहिचान गरी सहयोगको सुनिश्चितता गर्ने।
७. प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनको सुनिश्चितता गर्ने।
८. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरू सँग समन्वय र सहकार्य गर्ने।

### ३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) प्रमुख उपलब्धिहरुः**

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुनेछन्।

२. सबै २९ ओटै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु न्यूनतम राष्ट्रिय मापदण्ड पुरा गरेका हुनेछन्।

३. कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरु प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्रको अनुभव सहित भर्ना भएका हुनेछन्।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल विद्यार्थी भर्ना सङ्ख्या | 566 | 577 | 588 | 599 | 610 | 622 |
| २ | नयाँ स्थापना भएका प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु संख्या | ० | ५ | १ | ४ | २ | ० |
| ३ | न्यूनतम राष्ट्रिय मापदण्ड पुरा गरेका बालविकास केन्द्रहरुको सङ्ख्या | ० | 6 | 6 | 6 | 5 | 6 |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि तालिम प्राप्त शिक्षकहरुको संख्या | ० | २२ | १ | ४ | २ | ० |
| ५ | अभिभावक शिक्षाबाट लाभान्वित अभिभावकहरुको संख्या | 566 | 577 | 588 | 599 | 610 | 622 |
| ६. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र बाट लाभान्वित अपाङ्ता भएका बालबालिका हरुको संख्या | 0 | 30 | 31 | 32 | 33 | 33 |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (५वर्षको) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र स्थापना | संख्या | ० | ५ | १ | ४ | २ | १२ | गाउँपालिका |
| 2 | बालविकास सहजकर्ताका लागि पेशागत विकास तालिम (प्रथम र दोस्रो चरण) | संख्या | ० | २२ | १ | ४ | २ | २९ | गाउँपालिका |
| 3 | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका अभिभावकहरुका लागि सचेतना/शिक्षा कार्यक्रम | संख्या | 566 | 577 | 588 | 599 | 610 | 2940 | गाउँपालिका |
| 4 | प्रारम्भिक बालविकास शिक्षा केन्द्रहरुलाई न्यूनतम राष्ट्रिय मापदण्ड अनुसार समतामूलक बनाउन आवश्यकता पहिचान गरी माग परिपूर्ति गर्ने | संख्या | ० | १० | ७ | ५ | ७ | २९ | प्रदेश/ गाउँपालिका / संघ संस्थाहरु |
| 5 | पालिका स्तरीय अपाङ्गता भएका बालबालिकाहरुको पहिचान र सहयोग कार्यक्रम | पटक | 31 | 32 | 33 | 33 | 34 | 163 | संघ/ गाउँपालिका |
| 6 | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका बालबालिकाहरुका लागि दिवाखाजा कार्यक्रम | संख्या | 566 | 577 | 588 | 599 | 610 | 2940 | संघिय इकाई |
| 7 | प्रारम्भिक बालविकास तथा शिक्षा सहजकर्ताहरुको पारिश्रमिक तथा सेवा सुविधा | संख्या | १७ | २२ | २३ | २७ | २९ | २९ | संघ/ गाउँपालिका |

## ३.२ आधारभूत शिक्षा

**परिचय**

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो । विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि अर्नमा गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ ।

### ३.२.१. वर्तमान अवस्था

अर्नमा गाउँपालिका भित्र हाल कक्षा १-३ सञ्चालित १, कक्षा १-५ सञ्चालित ६ र कक्षा ६-८ सञ्चालित १ विद्यालयहरू गरी आधारभूत विद्यालयहरूको संख्या ८ वटा रहेको छ । आधारभूत तहको कक्षा १ मा भर्ना भएका विद्यार्थीहरु मध्ये ८१.५ प्रतिशत बालविकास तथा शिक्षाको अनुभव रहेको छ । आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा १-३ मा ५०.८८ प्रतिशत छात्रा र ४९.१२ प्रतिशत छात्र, कक्षा ४-५ मा ५८.४८ प्रतिशत छात्रा र ४१.५२ प्रतिशत छात्र, कक्षा ६-८ मा ५१.७७ प्रतिशत छात्रा र ४८.२३ प्रतिशत छात्रहरु भएको अवस्था छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ। यसैगरी संस्थागत विद्यालयतर्फ ३६.६७ प्रतिशत छात्रा र ६३.३३ प्रतिशत छात्र भर्ना भएका छन्। जसमा संस्थागत विद्यालयमा २६.६६ प्रतिशतले छात्रा भन्दा बढी देखिन्छ । आधारभूत तह (१-८) को खुद भर्ना दर ८५.५ प्रतिशत रहेको अवस्था विद्यमान छ, जसमा कक्षा १ को खुद भर्ना दर ४०.७ प्रतिशत मात्र रहेको छ । आधारभूत तहमा कार्यरत शिक्षक मध्ये १६.१९ प्रतिशत महिला रहेको देखिन्छ । शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १:४१ र कक्षा ६-८ मा १:३० रहेको अवस्थामा विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालयमा विद्यार्थी संख्याका आधारमा दरबन्दी

नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अधिक विद्यालयमा अभ्यास भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण तथा दरवन्दी मिलान गर्नु आवश्यक रहेको छ। यस पालिकाको कूल जनसंख्या २७,३८७ मध्ये आधारभूत तह उत्तीर्ण गर्ने जनसंख्या सबैभन्दा धेरै २५६६ जना रहेको छ। कक्षा १-८ मा भने खुद भर्नादर ८१.६ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ।

आधारभूत तह कक्षा १-८ मा एस्.एल.सी. योग्यता भएका १० जना, आइ.एड. योग्यता भएका १५ जना, स्नातक योग्यता भएका ४४ जना र स्नातकोत्तर योग्यता भएका ९ जना शिक्षक जसमध्ये आधारभुततहमा स्वयंसेवक शिक्षक ७ जना र संघिय अनुदान १ जना शिक्षक कार्यरत रहेको वर्तमान अवस्था छ। सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुमा तहगत रुपमा सबै शिक्षकहरुको न्यूनतम् योग्यता पूरा भएको देखिन्छ। पेशागत तालिम प्राप्त कूल शिक्षक ४७.६२ प्रतिशत रहेको यस पालिकामा आगामी दिनमा शिक्षकको पेशागत तालिमका लागि जोड दिनुपर्ने देखिन्छ।

**आधारभूत शिक्षामा देखिएका बिधमान चुनौतिहरु**

१. कक्षा १ मा बालविकास शिक्षाको अनुभव सहित भर्ना हुने बालबालिकाहरु ८१.५ प्रतिशत मात्रै हुनु।
२. कक्षा १ को खुद भर्नादर ४०.७ प्रतिशत मात्रै हुनु।
३. विधार्थी संख्याको आधारमा शिक्षक दरवन्दी कायम, पुनः वितरण र मिलान गर्नु।
४. तहगत प्र.अ. व्यवस्थापन गर्नु।
५. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु।
६. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गता मैत्री तथा बालमैत्री बनाउनु।
७. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र आदिलाई विद्यालयप्रति जिम्मेवार बनाउनु।
८. ८ वटा विद्यालयमा शिक्षण सिकाइमा प्रविधिमैत्री प्रविधिको पहुँच पुर्याउनु।
९. १०० प्रतिशत शिक्षकको पेशागत विकास तालिममा पहुँच पुर्याउनु।

**१०.३.२.२ उद्देश्य**

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ -

१. कक्षा १ मा बालविकास तथा शिक्षाको अनुभव सहित भर्ना हुने बालबालिकाको संख्या १०० प्रतिशत पुर्याउनु,
२. कक्षा १ को खुद भर्नादर क्रमिक रुपले बढाई १०० प्रतिशत पुर्याउनु,
३. ६ वटा विद्यालयमा दरबन्दि पुनः वितरण र मिलान गर्नु,
४. आधारभूत तहमा प्र.अ. व्यवस्थापन गर्नु,
५. विद्यालय उमेरका विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरि आधारभूत शिक्षामा पहँच तथा सहभागिता सुनिश्चित गर्नु,
६. ८ ओटा विद्यालयमा बालमैत्री र अपाङ्गमैत्री शैक्षिक वातावरण निर्माण गर्नु,
७. आधारभूत तहका अभिभावकहरुको लागि अभिभावक शिक्षा/सचेतना कार्यक्रम संचालन गर्नु,

८. ८ वटा विद्यालयमा न्यूनतम (Internet, Smart Board र Computer, Printer) को व्यवस्थापन गर्नु,
९. प्याकेजको आधारमा TPD पहिलो र दोस्रो चरणको तालिम संचालन गर्नु,

### ३.२.३ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने।
३. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।
४. वैकल्पिक, अनौपचारिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने।
५. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने।
६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।
७. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने।
८. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ।
९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ।
१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।
११. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।
१२. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरु

**क) उपलब्धिहरु**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको समान, सहज तथा प्रविधियुक्त पहुँच र सहभागिता सुनिश्चित भई शिक्षाको गुणस्तर तथा सिकाइ उपलब्धिमा उल्लेख्य अभिवृद्धि भएको हुनेछ।

२. विद्यालय उमेरका सबै बालबालिकाको विद्यालयमा भर्ना, नियमित उपस्थिति, निरन्तरता तथा आधारभूत तहको शिक्षा पूरा गर्ने अवसर सुनिश्चित भएको हुनेछ।

३. विद्यालयहरूमा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, समावेशी तथा सुरक्षित सिकाइ वातावरण विकास भएको हुनेछ।

४. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार भई शिक्षण–सिकाइ प्रक्रियामा डिजिटल प्रविधि, शैक्षिक सामग्री तथा नवीनतम सिकाइ विधिको प्रभावकारी प्रयोग भएको हुनेछ।

५. योग्य, दक्ष तथा विषयगत शिक्षकको पर्याप्त व्यवस्थापन भई शिक्षकको पेसागत क्षमता र शिक्षण सिकाइको प्रभावकारितामा सुधार भएको हुनेछ।

६. विद्यार्थीको आधारभूत ज्ञान, सीप, सिर्जनशीलता, व्यवहारिक क्षमता तथा जीवनोपयोगी सीपको विकास भई सिकाइलाई दैनिक जीवनसँग जोड्न सक्ने क्षमता अभिवृद्धि भएको हुनेछ।

७. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारमा सुधार भई स्वच्छ, सुरक्षित, समावेशी तथा सिकाइमैत्री विद्यालय वातावरण निर्माण भएको हुनेछ।

८. अभिभावक, समुदाय तथा स्थानीय सरोकारवालाको सहभागिता र सहकार्य अभिवृद्धि भई विद्यालय शिक्षाप्रति स्थानीय तहको उत्तरदायित्व र अपनत्व बढेको हुनेछ।

**ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बा लबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने ।
२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।
३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने ।
४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने ।
५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने ।
६. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने ।
७. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने ।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्रथिमिक कक्षा १-५) मा विधालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | 538 | 504 | 471 | 437 | 402 | 538 |
| २ | आधारभूत तह ( कक्षा १-५) मा बिधार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | 2812<br>51 | 2865<br>51 | 2919<br>51 | 2974<br>51 | 3031<br>51 | 3088<br>51 |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabiling Conditions ) पुरा गरेका आधारभूत तहका विधालयको सङ्ख्या | 7 | 1 | 1 | 2 | 1 | 1 |

**३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | ० | १ | १ | ० | ० | ५ | गाउँपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | ० | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९३.८ | ९४ | ९४.८ | ९५ | ९६ | १०० | गाउँपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | संख्या | ० | २ | २ | ३ | २ | १९ | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | ० | २ | २ | ५ | १० | १९ | |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारीलगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | ० | २ | २ | ३ | २ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०<br>० | १०<br>० | १०<br>० | १०<br>० | १०० | संघ/ प्रदेश/ गाउँपालिका |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | | गाउँपालिका |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०<br>० | १०<br>० | १०<br>० | १०<br>० | १०० | संघ |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ७ | ७ | ५ | ८ | १५ | गाउँपालिका |
| १२ | घुम्ती पुस्तकालय सञ्चालन | प्रतिशत | ० | ० | ० | ० | ० | ० | गाउँपालिका |
| १३ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | गाउँपालिका |
| १४ | एउटा बच्चाको भर्ना मेरो : सामाजिक दायित्व कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| १५ | प्रति बच्चा प्रति दिन रु १० बचत पालिका प्रमुख कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| १६ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका/विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | | | | | | | | |
| १७ | वडा तथा पालिकास्तरमा सत प्रति विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका/ वडा कार्यालय/ विद्यालय |
| १८ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन *(Book corner अनुदानबाट विद्यालयले गर्ने)* | संख्या | १ | १ | १ | १ | १ | १० | विद्यालय |
| १९ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम *(बालविकास शिक्षण सिकाइ नन्स्यालिरीबाट गर्ने)* | संख्या | १ | १ | १ | १ | १ | १० | विद्यालय |
| २० | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभाबक सम्मान कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |
| २१ | कक्षा १ देखि ३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितिय सीप परिक्षण सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |
| २२ | बार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |
| २४ | शिक्षकले कक्षाकोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |
| २५ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |
| २६ | छापामय कक्षा कोठा | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |
| २७ | शिक्षक सम्मान कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |
| २८ | नमुना बिद्यालय घोसणा पुरस्कार | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |
| २९ | गृह बिद्यालय संचालन | संख्या | १ | १ | १ | १ | १ | १० | गाउँपालिका /विद्यालय |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो

रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। अर्नमा गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

अर्नमा गाउँपालिका भित्र हाल कक्षा १-१० सञ्चालित २, कक्षा ११-१२ सञ्चालित २ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ४ वटा रहेको छ जसमध्ये १ विद्यालयमा प्राविधिक धार अन्तर्गत सिभिल ईन्जिनियरिङ्गको पठन पाठन शैक्षिक सत्र २०७६ बाट शुरुभएको छ। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ६३.० र कूल भर्नादर १२२.४ रहेको छ। माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ४७.४१ प्रतिशत छात्रा र ५२.५९ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक ०.९८ र शिक्षक विद्यार्थी अनुपात १:४० रहेको छ।कक्षा १० को टिकाउ दर ४९ प्रतिशत, उत्तीर्ण दर ८५.६ कक्षा १० मा कक्षा दोहोऱ्याउने दर १.४ र कक्षा छोड्ने दर २ रहेको छ।यस पालिका भित्र माध्यमिक तह कक्षा ९-१२ मा स्नातक योग्यता भएका १ र स्नातकोत्तर योग्यता भएका १० जना शिक्षक कार्यरत छन् जसमध्ये १० प्रतिशत महिला शिक्षक रहेका छन्।

माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः

१. निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने।
२. माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने।
३. विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने।
४. प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने।
५. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने।
६. शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्ने।
७. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने।
८. विषायगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने।
९. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्ने।

### ३.३.२. उद्देश्यहरु

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र शुरक्षित बनाउनु।
३. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउने।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### ३.३.३ रणनितिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा स्थापना गरीनेछ ।
२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरीने छ ।
३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारमा थप २ क्षेत्र समेटिनेछ ।
४. माध्यमिक आवासीय विद्यालय विस्तार गरीनेछ ।
५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ ।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरीनेछ ।
७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ ।
८. एउटा सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरीनेछ ।
९. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ ।
१०. श्री सगरमाथा माध्यमिक विद्यालयलाई कक्षा १ बाट नै सञ्चालित गरी नमुना माध्यमिक विद्यालयको रुपमा स्तरोन्नति गरीनेछ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको समान, सहज र समावेशी पहुँच सुनिश्चित भई माध्यमिक तहको शिक्षामा सहभागिता, निरन्तरता र सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।

२. माध्यमिक शिक्षालाई विद्यार्थीको आवश्यकता, रुचि, क्षमता, स्थानीय सम्भावना तथा सामाजिक र आर्थिक परिवेशसँग सान्दर्भिक बनाउँदै शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ।

३. माध्यमिक तहमा आवश्यक विषयगत शिक्षक तथा दक्ष जनशक्तिको व्यवस्थापन भई प्रभावकारी शिक्षण–सिकाइ वातावरण निर्माण भएको हुनेछ।

४. विद्यालयमा आवश्यक भौतिक, शैक्षिक तथा सूचना प्रविधिसम्बन्धी पूर्वाधारको विकास भई प्रविधिमैत्री तथा सिकाइमैत्री वातावरण निर्माण भएको हुनेछ।

५. माध्यमिक तहका विद्यार्थीमा जीवनोपयोगी, व्यवहारिक, व्यावसायिक तथा प्राविधिक सीपको विकास भई उच्च शिक्षा, रोजगारी तथा स्वरोजगारीका लागि सक्षम जनशक्ति तयार भएको हुनेछ।

६. माध्यमिक शिक्षामा लैङ्गिक समानता, समता, समावेशिता तथा सामाजिक न्याय सुनिश्चित गर्दै पछाडि परेका तथा जोखिममा रहेका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता अभिवृद्धि भएको हुनेछ।

७. विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न नियमित मूल्याङ्कन, उपचारात्मक शिक्षण, अतिरिक्त सिकाइ अवसर तथा आवश्यक सहयोगका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।

८. माध्यमिक शिक्षाको व्यवस्थापन र गुणस्तर सुधारमा विद्यालय, अभिभावक, समुदाय तथा स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्‍याउने दरमा कमी आउने।
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।
३. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने।
४. मध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
५. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन हुने।
७. माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१० ) मा भर्ना भएका विधार्थी सङ्ख्या | 786 | 801 | 816 | 831 | 847 | 863 |
| २ | माध्यमिक तह ( कक्षा ११-१२) मा भर्ना भएको विधार्थी सङ्ख्या | 23 | 23 | 24 | 24 | 25 | 25 |
| ३ | बिज्ञान बिषयमा अध्यनरत विधार्थी सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ४ | न्यूनतम सिकाइ सवलिकरण मापदण्ड (MEC) पुरा गरेका माध्यमिक विधालय सङ्ख्या | 1 | 1 | 1 | 1 | 0 | 1 |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | ० | १ | ० | ० | ० | | गाउँपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | १ | ० | ० | | गाउँपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | ० | १ | ० | १ | १ | | गाउँपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | १ | १ | ० | ० | | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | आवश्यकताअनुसार स्कूल बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | संख्या | ० | ० | ० | १ | ० | | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | १ | १ | १ | १ | १ | | संघ/ प्रदेश/ गाउँपालिका |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | ० | १ | ० | ० | १ | | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | ० | १ | १ | १ | १ | | संघ/ प्रदेश/ गाउँपालिका |
| ९ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम | प्रतिशत | ० | १० | १५ | १५ | १५ | | संघ/ प्रदेश/ गाउँपालिका |
| १० | क्षमतामा आधारित प्र .अ. व्यवस्थापन | संख्या | १ | ० | ० | ० | १ | | गाउँपालिका |
| ११ | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | ० | १ | १ | १ | १ | | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | संघ |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | | गाउँपालिका |
| १४ | घुम्ती पुस्तकालय सञ्चालन | प्रतिशत | ३ | ३ | ३ | ३ | ३ | | गाउँपालिका |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | | गाउँपालिका |

## ३.४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम

**परिचय**

शिक्षाले गरिखाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए गुनासो अहिले सर्वत्र सुनिन गरेको छ। यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु संचालन गरिरहेको छ । तर प्राविधिक तथा व्यवसायिक शिक्षाका यस्ता अवसरहरु सिमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केहि गर्न पुँजि लगायत अन्य अवरोधहरु रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरु पनि सुनिन थालेका छन्। अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेशा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरुमा पेसा, व्यवसाय र प्रविधि प्रति रुचि जगाएर नरम सीपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सजग भएको देखिदैन । यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ। त्यस्ता व्यक्तिहरुका लागि गाउँपालिकाले रोजगारमुलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो।

### ३.४.१ वर्तमान अवस्था

अर्नमा गाउँपालिकामा विद्यालय शिक्षाबाट बाहिर रहेका, विद्यालय शिक्षा पूरा गर्न नसकेका वा प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति रुचि भएका किशोरकिशोरी तथा युवायुवतीलाई सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गरी रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्नुपर्ने आवश्यकता रहेको छ। स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन, सीप तथा रोजगारीका सम्भावनालाई ध्यानमा राखी छोटो तथा लामो अवधिका प्राविधिक र व्यावसायिक तालिम सञ्चालन तथा विस्तार गर्न आवश्यक देखिन्छ। साथै, युवाको रुचि, क्षमता र स्थानीय श्रम बजारको मागअनुसार सीप विकासका कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको छ।

### ३.४.२ उद्देश्य

- विद्यालय शिक्षाबाट बाहिर रहेका तथा प्राविधिक र व्यावसायिक शिक्षामा रुचि भएका किशोरकिशोरी तथा युवायुवतीलाई रोजगार तथा स्वरोजगारका लागि आवश्यक सीप र तालिमको अवसर प्रदान गर्नु।
- स्थानीय आवश्यकता तथा श्रम बजारको मागअनुसार सीपयुक्त, दक्ष तथा आत्मनिर्भर जनशक्ति विकास गर्नु।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गरी युवालाई रोजगारी, स्वरोजगारी तथा उद्यमशीलतासँग जोड्नु।
- स्थानीय स्रोत, साधन, प्रविधि तथा सम्भावनाको उपयोग गरी आयआर्जनका अवसर सिर्जना गर्नु।

### ३.४.३ रणनीति

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), सानोठिमी, भक्तपुर तथा सम्बन्धित निकायसँग समन्वय गरी गाउँपालिकामा बहुप्राविधिक शिक्षालय तथा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनका लागि पहल गर्ने।
- स्थानीय श्रम बजार तथा रोजगारीको माग पहिचान गरी युवाको रुचि र आवश्यकताका आधारमा छोटो तथा लामो अवधिका सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने।
- गाउँपालिकाका बेरोजगार तथा सीप सिक्न इच्छुक युवालाई समय–समयमा स्थानीय तथा बाह्य स्रोतव्यक्तिमार्फत रोजगार परामर्श, करियर परामर्श तथा उद्यमशीलता सम्बन्धी परामर्श प्रदान गर्ने।
- स्थानीय स्तरमा स्वरोजगार तथा उद्यम गर्न चाहने युवालाई सीप, प्रविधि, वित्तीय पहुँच, सहुलियतपूर्ण पूँजी तथा आवश्यक परामर्श उपलब्ध गराउन सम्बन्धित निकाय तथा वित्तीय संस्थासँग समन्वय गर्ने।
- तालिम प्राप्त युवालाई रोजगारी तथा स्वरोजगारीसँग जोड्न निजी क्षेत्र, उद्योग, व्यवसाय तथा रोजगारदातासँग सहकार्य गर्ने।
- स्थानीय सम्भावना र बजारको मागअनुसार कृषि, पशुपालन, निर्माण, सूचना प्रविधि, पर्यटन, हस्तकला, सेवा तथा अन्य आयमूलक क्षेत्रमा व्यावसायिक सीप विकासका कार्यक्रम सञ्चालन गर्ने।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. अर्नमा गाउँपालिकाका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा रुचि भएका किशोरकिशोरी तथा युवायुवतीको पहुँच र सहभागिता अभिवृद्धि भई रोजगार तथा स्वरोजगारका अवसरमा वृद्धि भएको हुनेछ।

२. स्थानीय श्रम बजारको माग तथा सम्भावनाअनुसार विभिन्न प्राविधिक तथा व्यावसायिक सीपमा दक्ष र सक्षम जनशक्ति विकास भएको हुनेछ।

३. विद्यालय शिक्षाबाट बाहिर रहेका तथा रोजगारीको अवसरबाट वञ्चित युवालाई सीपमूलक तालिमको अवसर प्राप्त भई उनीहरूको आयआर्जन तथा आत्मनिर्भरता बढेको हुनेछ।

४. प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवाहरूलाई रोजगारी, स्वरोजगारी तथा उद्यमशीलतासँग जोड्ने प्रभावकारी व्यवस्था स्थापित भएको हुनेछ।

५. CTEVT लगायत सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू विस्तार भएको हुनेछ।

६. स्थानीय स्रोत, साधन, सीप तथा सम्भावनाको उपयोग गरी युवाहरूमा उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन भएको हुनेछ।

७. रोजगार तथा करियरसम्बन्धी परामर्शको पहुँच विस्तार भई युवाहरूले आफ्नो रुचि, क्षमता र बजारको मागअनुसार उपयुक्त सीप तथा व्यवसाय छनोट गर्न सक्षम भएका हुनेछन्।

८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममार्फत दक्ष जनशक्ति विकास भई अर्नमा गाउँपालिकाको स्थानीय आर्थिक तथा सामाजिक विकासमा योगदान पुगेको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने बिधालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | माध्यमिक तहमा प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विधार्थी सङ्ख्या | 57 | 58 | 59 | 60 | 61 | 63 |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य बर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 | 5 | | |
| 1 | माध्यमिक तहमा शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने बिधार्थीको तथ्याँक संकलन तथा खण्डीकृत डाटाबेस तयार | | | | | | 1 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 2 | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | |
| 3 | बिधर्थिका लागि छात्रवृतिका अवसर | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.५ उच्च शिक्षा

### परिचय

माध्यमिक तहको शिक्षा पुरा गरेपछि रुचि र क्षमताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको संख्या पनि बढ्दै गइरहेको छ । देशले विविध क्षेत्रमा उन्नति हासिल गर्नको लागि उच्चस्तरीय दक्ष जनशक्तिको महत्वपुर्ण भूमिका रहेको हुन्छ । उच्च शिक्षा विशिष्टिकृत हुने भएकोले विद्यार्थीहरुले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन् जसबाट देश र समाजले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ । तर आवश्यकताको पहिचान नै नगरी लहडको भरमा विद्यालयहरुमा क्याम्पस खोल्ने प्रबृत्तिले एकातिर उच्च शिक्षाको गुणस्तर माथि प्रश्न उठ्ने गरेको छ भने अर्कोतिर उच्च शिक्षा प्रदायक संस्थाहरु शिक्षित बेरोजगार उत्पादन गर्ने थलो भएको आरोप लाग्ने गरेको छ । त्यसैले उच्च शिक्षाको नियमन गर्ने निकायले यस कुरालाई ध्यानमा राखी आवश्यकताका आधारमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने कुराको सुनिश्चितता गर्नु पर्दछ ।

उच्च शिक्षा यस गाउँपालिकाको कार्यक्षेत्रमा नपर्ने भएता पनि हाल कतिपय स्थानमा विद्यालयको कक्षाकोठा र फर्निचर प्रयोग गरेर क्याम्पसहरु संचालन भएका र विद्यालयका शिक्षकहरु नै अध्यापन कार्यमा संलग्न भएको हुनाले उच्च शिक्षा पनि कुनै कुनै प्रकारले स्थानीय सरकारसँग सरोकार राख्ने विषय भएको छ। अहिले अर्नमा गाउँपालिकामा क्याम्पस संचालनमा नरहेकोले क्याम्पसको पुर्बाधार खडा गर्न आबश्यक स्थानको छनौट गरि प्रक्रिया अगाडी वढाएनेछ ।

### ३.५.१ **वर्तमान अवस्था**

हरेक मुलुकमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ। मुलुकको शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक विकासका लागि योग्य जनशक्तिको जरुरत पर्दछ। त्यसका लागि विद्यालयीय शिक्षा कक्षा १२ भन्दा माथिको उच्च शिक्षा आवश्यकता पर्दछ। अर्नमा गाउँपालिकामा उच्च शिक्षा प्रदायक संस्थाहरु स्थापना हुन सकिरहेका छैनन् । त्यसैले कक्षा १२ उत्तीर्ण पश्चात् सबै विद्यार्थीहरु सदरमुकाम लगायत अन्यत्र जान बाध्य छन् । यसरी व्यक्तिको जीवनस्तर उकास्न, आधुनिक समाजमा रहेका विविध संघ संस्थाको गुणस्तरीय विकास गर्न, कार्य वातावरणमा उत्पन्न विभन्न समस्याहरुको सही समाधान गर्न, ज्ञान, विज्ञान र प्रविधिको विकास गरी सामाजिक रुपान्तरण गर्न र विकासको गतिलाई दक्ष जनशक्ति आपूर्ति गरी तीव्रता प्रदान गर्न उच्च शिक्षाको अहम् भूमिका रहन्छ ।

**उच्च शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. स्नातक तहको क्याम्पसको सम्वन्धन र अनुमति लिन ।
२. भौतिक पूर्वाधार विकास गर्न ।

३. क्यामपसको स्थायित्व र सुदृढीकरण गर्न ।
४. गुणस्तरीय उच्च शिक्षाको प्रत्याभूति दिलाउन ।

जनशक्ति व्यवस्थापन गर्न ।

### ३.५.२ उद्देश्य

१. अर्नमा गाउँपालिकामा स्नातक तहको क्याम्पस स्थापना गरी उच्च शिक्षामा स्थानीय विद्यार्थीको सहज पहुँच सुनिश्चित गर्दै क्याम्पसको संस्थागत विकास तथा सुदृढीकरण गर्ने।

२. उच्च शिक्षाका लागि आवश्यक सुरक्षित, उपयुक्त, समावेशी तथा सूचना प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास गरी दक्ष तथा आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने।

३. स्थानीय आवश्यकता, विद्यार्थीको रुचि तथा रोजगारीको सम्भावनासँग सान्दर्भिक हुने गरी उच्च शिक्षाका विषय तथा कार्यक्रम विस्तार गर्ने।

४. आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका विद्यार्थीसमेत उच्च शिक्षाको अवसरबाट वञ्चित हुन नपाउने गरी समान तथा समावेशी पहुँच सुनिश्चित गर्ने।

### ३.५.३ रणनीति

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. अर्नमा गाउँपालिकामा स्नातक तहको क्याम्पस स्थापना तथा सञ्चालनका लागि त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय तथा अन्य सम्बन्धित विश्वविद्यालयसँग सम्बन्धनका लागि आवश्यक पहल तथा समन्वय गर्ने।

२. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकास, सञ्चालन तथा सुदृढीकरणका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने।

३. क्याम्पसको भौतिक पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधारका लागि विश्वविद्यालय अनुदान आयोग तथा सम्बन्धित निकायबाट उपलब्ध हुने अनुदान तथा सहयोग परिचालन गर्ने।

४. क्याम्पसमा आवश्यक कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, खानेपानी, शौचालय, इन्टरनेट तथा सूचना प्रविधिसम्बन्धी पूर्वाधारको विकास गर्ने।

५. उच्च शिक्षाको गुणस्तर सुनिश्चित गर्न आवश्यकताअनुसार योग्य तथा दक्ष प्राध्यापक र कर्मचारीको व्यवस्थापन गर्ने।

६. स्थानीय आवश्यकता र विद्यार्थीको रुचि तथा रोजगारीका सम्भावनालाई ध्यानमा राखी व्यवहारिक, रोजगारमुखी तथा जीवनोपयोगी उच्च शिक्षा कार्यक्रम सञ्चालनका लागि पहल गर्ने।

७. विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा अन्य लक्षित समूहका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच विस्तार गर्न छात्रवृत्ति, सहयोग तथा सहुलियतका कार्यक्रम सञ्चालन गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. अर्नमा गाउँपालिकाका विद्यार्थीले आफ्नै स्थानीय तहमा सुरक्षित, समावेशी, उपयुक्त तथा सूचना प्रविधिमैत्री भौतिक पूर्वाधारसहित उच्च शिक्षा अध्ययन गर्ने अवसर प्राप्त गरेका हुनेछन्।

२. स्नातक तहको क्याम्पस स्थापना तथा सञ्चालन भई स्थानीय विद्यार्थीको उच्च शिक्षामा पहुँच, सहभागिता र निरन्तरतामा सुधार भएको हुनेछ।

३. क्याम्पसको संस्थागत क्षमता, शैक्षिक वातावरण तथा व्यवस्थापन प्रणाली सुदृढ भई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने आधार तयार भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. सुरक्षित, समावेशी तथा सूचना प्रविधिमैत्री भौतिक पूर्वाधारसहितको उच्च शिक्षामा स्थानीय विद्यार्थीको सहज पहुँच सुनिश्चित भएको हुनेछ।

२. स्नातक तहको क्याम्पस नियमित रूपमा सञ्चालन, व्यवस्थापन, स्थायित्व तथा संस्थागत सुदृढीकरण भएको हुनेछ।

३. स्थानीय विद्यार्थीले उच्च शिक्षा अध्ययनका लागि अन्यत्र जानुपर्ने बाध्यता न्यूनीकरण भई गाउँपालिकामै उच्च शिक्षाको अवसर सहज रूपमा प्राप्त भएको हुनेछ।

४. उच्च शिक्षामा महिला, विपन्न, सीमान्तकृत तथा पछाडि परेका समुदायका विद्यार्थीको पहुँच र सहभागिता वृद्धि भएको हुनेछ।

५. उच्च शिक्षा स्थानीय आवश्यकता, रोजगारी तथा स्वरोजगारसँग जोडिँदै दक्ष, सक्षम र आत्मनिर्भर जनशक्ति विकासमा योगदान पुगेको हुनेछ।

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | क्याम्पस सम्बन्धन र अनुमति | पटक | 0 | १ | 0 | 0 | 0 | 1 | विश्वविद्यालय |
| २ | क्याम्पस सञ्चालन | संख्या | 0 | 0 | १ | 0 | 0 | 1 | गाउँपालिका |
| ३ | सुरक्षित पूर्वाधार निर्माण | संख्या | 0 | १ | 0 | 0 | १ | 2 | संघ /प्रदेश /गाउँपालिका |
| ४ | स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | | | | | | गाउँपालिका |

### ३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

**परिचय**

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रकृयाका रुपमा लिने गरिन्छ । मानिसहरु औपचारिक, अनौपचारिक र अरितिक पद्धतिको माध्यमबाट जीवनजगत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरु हासिल गर्दछन् र केहि न केहि नयाँ कुराहरुको सिकाइ पनि भइनै रहेको हुन्छ । तर हाम्रो समाजमा निश्चित उमेर, समय र स्थानमा संचालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले बन्चित भएका मानिसहरु 'उमेरमा पढ्न पाइएन' भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मानिसहरुमा इच्छा र जाँगर भए जीवनभर सिकाइमा सकृयतापुर्वक संलग्न रहन पाइन्छ भन्ने भावनाको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै अर्नमा गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ ।

विगतमा हाम्रो देशमा जिल्ला शिक्षा कार्यालयहरु मार्फत अनौपचारिक शिक्षा अन्तरगत धेरै साक्षरता कक्षाहरु संचालन गरिए । साक्षरताका सघन कार्यक्रमहरु मार्फत जिल्लाहरुलाई पुर्ण साक्षर जिल्ला घोषणा गर्ने अभियान पनि संचालन गरियो । यस अनुसार धेरै जिल्लाहरुलाई पुर्ण साक्षर जिल्ला घोषणा पनि गरिएको छ ।तर यस प्रकारका घोषणाहरु केवल घोषणाका लागि घोषणा मात्रै गरिएको र वास्तवमा साक्षरतामा हासिल हुनु पर्ने उपलब्धि हासिल नभएको भनी आलोचना पनि हुने गरेको छ । पुर्ण साक्षर घोषणा गरिएका कैयौं जिल्लामा धेरै मानिसहरु निरक्षर रहेको प्रमाण सहितका समाचारहरु संचार माध्यमहरुमा पनि आएका छन् । यसबाट अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम संचालनको परिपाटीमा केही परिवर्तन गर्नु पर्ने हो कि भन्ने पनि देखिन्छ । यिनै कुराहरुलाई विचार गरेर अव स्थानीय सरकारबाट संचालन हुने साक्षरता अभियानलाई परिणाममुखि बनाउनु परेको छ ।

जीवनपर्यन्त शिक्षाको महत्व मानिसहरुलाई बुझाउनका लागि साक्षरताका सीपहरुलाई दैनिक जीवनका क्रियाकलापहरुसँग सम्बन्धित गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धित व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ । पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालन लगायत धैरै प्रकारका पेशा व्यवसाय संचालनमा ठुलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा बृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने कुराप्रति मानिसहरुलाई विश्वस्त गराउनका लागि स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरुको निर्माण गरी सिकारुका अनुभवहरुलाई उपयोग गर्ने रणनीति अपनाउने हो भने जीवन पर्यन्त सिकाइलाइ सफलतापुर्वक संचालन गर्न सकिन्छ ।

### ३.६.१ वर्तमान अवस्था

अर्नमा गाउँपालिकामा औपचारिक विद्यालय शिक्षाबाट बाहिर रहेका बालबालिका, किशोरकिशोरी, युवा तथा वयस्कहरूलाई उनीहरूको आवश्यकता र रुचिअनुसार शिक्षा तथा सीप विकासका अवसर प्रदान गर्नु आवश्यक रहेको छ। विशेषगरी विद्यालय शिक्षा पूरा गर्न नसकेका, निरक्षर वा न्यून साक्षरता भएका व्यक्ति तथा विभिन्न कारणले नियमित शिक्षाबाट वञ्चित भएका समुदायलाई अनौपचारिक शिक्षामार्फत सिकाइको अवसर प्रदान गर्नुपर्ने आवश्यकता रहेको छ।

गाउँपालिकामा समुदायमा आधारित सिकाइ, साक्षरता, जीवनोपयोगी सीप, आयआर्जन तथा व्यावसायिक सीपसँग सम्बन्धित कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक देखिन्छ। स्थानीय समुदायमा रहेका ज्ञान, सीप, अनुभव तथा परम्परागत अभ्यासलाई सिकाइसँग जोड्दै व्यक्तिको व्यक्तिगत, सामाजिक तथा आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था रहेको छ।आजीवन सिकाइको अवधारणाअनुसार बालबालिका मात्र नभई युवा, वयस्क तथा ज्येष्ठ नागरिकसमेत निरन्तर सिकाइमा सहभागी हुन सक्ने वातावरण निर्माण गर्नु आवश्यक छ। सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगसँगै डिजिटल साक्षरता, सूचना प्राप्त गर्ने क्षमता तथा प्रविधिको सुरक्षित र उपयोगी प्रयोगसम्बन्धी ज्ञान तथा सीप विकासको आवश्यकता पनि बढ्दै गएको छ।

यसका साथै महिला, विपन्न तथा सामाजिक रूपमा पछाडि परेका समुदायका सदस्यलाई लक्षित गरी साक्षरता, जीवनोपयोगी सीप, स्वास्थ्य, सरसफाइ, वित्तीय साक्षरता, उद्यमशीलता तथा आयआर्जनसँग सम्बन्धित सिकाइका अवसर विस्तार गर्न आवश्यक छ। स्थानीय तह, विद्यालय, सामुदायिक सिकाइ केन्द्र, गैरसरकारी संस्था तथा अन्य सरोकारवालाबीच समन्वय र सहकार्य गरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सकिने अवस्था रहेको छ।अर्नमा गाउँपालिकामा सबैका लागि सिकाइ र जीवनभर सिकाइको अवधारणालाई व्यवहारमा उतार्दै शिक्षा, सीप र ज्ञानलाई दैनिक जीवन, रोजगारी, उद्यमशीलता तथा सामाजिक विकाससँ ग जोड्नु अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ क्षेत्रको प्रमुख आवश्यकता रहेको छ।

**<u>अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छः</u>**

१.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित।

२.साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन।

३.मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन।

४.सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु।

५.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।

६.पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास

७.व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र,घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने।

८.सहजकर्ताको क्षमता विकास।

### ३.६.२ उद्देश्य

१. अर्नमा गाउँपालिकाभित्र रहेका सबै निरक्षर तथा प्रौढ नागरिकलाई आगामी दुई वर्षभित्र साक्षर बनाई आधारभूत पढाइ, लेखाइ तथा गणितीय सीपमा सक्षम बनाउने।

२. नवसाक्षर नागरिकले प्राप्त गरेको साक्षरता सीपलाई दैनिक जीवनमा निरन्तर प्रयोग गर्न सक्ने अनुकूल तथा व्यवहारिक वातावरण निर्माण गर्ने।

३. समुदायका सबै नागरिकलाई उमेर, लिङ्ग, सामाजिक तथा आर्थिक अवस्थाको भेदभावबिना आजीवन सिकाइका अवसरहरू उपलब्ध गराउने।

४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई जीवनोपयोगी सीप, स्वास्थ्य, सरसफाइ, वित्तीय साक्षरता, डिजिटल साक्षरता, उद्यमशीलता तथा आयआर्जनसँग जोड्ने।

५. विद्यालय शिक्षाबाट बाहिर रहेका तथा औपचारिक शिक्षाको अवसरबाट वञ्चित नागरिकका लागि वैकल्पिक तथा निरन्तर सिकाइका अवसर विस्तार गर्ने।

६. सामुदायिक सिकाइ केन्द्र, स्थानीय संस्था, विद्यालय तथा अन्य सरोकारवालाको सहकार्यमा निरन्तर शिक्षा तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्ने।

७. स्थानीय आवश्यकता, ज्ञान, सीप, अनुभव तथा स्रोतसाधनलाई उपयोग गरी समुदायमा सिक्ने, सिकाउने र ज्ञान आदान–प्रदान गर्ने संस्कृतिको विकास गर्ने।

### ३.६.३ रणनितिहरु

- गाउँपालिका भित्रका शिक्षक र कक्षा ९ भन्दा माथिका विद्यार्थीहरु परिचालन गरी निरक्षर व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने ।

- निरक्षर व्यक्तिहरुको तथ्याङ्कको आधारमा साक्षरता कक्षाका लागि सहयोगी कार्यकर्ता छनौट गरी कक्षा संचालन गर्ने व्यवस्था गर्ने ।
- स्थानीय पेशा व्यवसाय,
- हाल गाउँपालिका भित्र संचालनमा रहेका १ वटा सामुदायिक सिकाइ केन्द्र / ६ आदरसाहरुलाई भौतिक रुपमा सुदृढ बनाउने ।
- प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्र पर्ने गरी थप ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु स्थापना गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरुलाई अन्य कुराहरुका अतिरिक्त सामुदायिक पुस्तकालयको रुपमा विकसित गर्ने ।
- स्थानीय कला, संस्कृति, लोक गाथा, परंपरा, इतिहास र पुरातात्विक महत्वका स्थान र मठ मन्दिर अस्जिद सम्बन्धमा जानकारी राख्ने स्थानीय व्यक्तिहरुबाट सो सम्बन्धी सामग्री लेख्न लगाई त्यसको प्रकाशन गर्ने र त्यस्ता सामग्रीहरु गाउँपालिका भित्रका सामुदायिक सिकाइ केन्द्र र विद्यालयका पुस्तकालयहरुमा राख्ने व्यवस्था गर्ने तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा त्यस्ता सामग्रीको प्रयोग गर्ने ।
- स्थानीय स्तरमा परंपरागत रुपमा प्रचलित कला कौशल र विभिन्न क्षेत्रका ज्ञान सीप जान्ने मानिसहरुको सहयोगमा त्यस विषयका सामग्रीहरु तयार गर्न लगाउने र प्रयोग गर्ने ।
- प्रत्येक वडामा बालबालिकाको चौतर्फि विकास र मनोरन्जनको लागि एउटा बालउद्यान  निर्माण गर्ने ।

### ३.६.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. अर्नमा गाउँपालिकाका सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरू सहज, समान, समावेशी तथा पहुँचयोग्य रूपमा उपलब्ध भएका हुनेछन्।

२. सबै प्रौढ नागरिक आधारभूत पढाइ, लेखाइ तथा गणितीय सीप हासिल गरी दैनिक जीवनमा साक्षरता सीपको प्रयोग गर्न सक्षम भएका हुनेछन्।

३. नवसाक्षर नागरिकले प्राप्त गरेको ज्ञान तथा सीपलाई निरन्तर प्रयोग र विकास गर्ने अनुकूल वातावरण निर्माण भएको हुनेछ।

४. समुदायमा निरन्तर सिकाइ, ज्ञान आदान–प्रदान तथा सीप विकासको संस्कृतिको विकास भएको हुनेछ।

५. महिला, विपन्न, सीमान्तकृत तथा शिक्षा अवसरबाट वञ्चित नागरिकको साक्षरता तथा आजीवन सिकाइमा सहभागिता अभिवृद्धि भएको हुनेछ।

६. आजीवन सिकाइलाई जीवनोपयोगी सीप, डिजिटल साक्षरता, वित्तीय साक्षरता, स्वास्थ्य, सरसफाइ, उद्यमशीलता तथा आयआर्जनका अवसरसँग जोडिएको हुनेछ।

७. सामुदायिक सिकाइ केन्द्र तथा सम्बन्धित संस्थाहरूको क्षमता विकास भई निरन्तर शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएका हुनेछन्।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

१ साक्षर पालिका को रुपमा विकास हुने

२ लक्षित वर्ग र समुदायमा सिकाई अबसर को सिर्जना हुने

३ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।

४ सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने ।

५ विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने ।

६ स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने ।

७ बालिका तथा समावेशी शिक्षा कार्यक्रम कार्यान्वयन तथा बिस्तार हुने ।

| **क्र.स.** | **सूचक (उदाहरण)** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र बर्षभन्दा माथि) (%) | 54.9 | 55.9 | 57.0 | 58.1 | 59.2 | 60.3 |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप ( पन्ध्र बर्ष भन्दा माथिको महिला) (%) | 44.2 | 45.0 | 45.9 | 46.8 | 47.6 | 48.5 |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | १ | २ | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | ० | १ | प्रक्रियामा | प्रक्रियामा |

३.६.५ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | | १ | | | १ | २ | गाउँ पालिका |
| २ | साक्षर नगरपालिका | वडागत | | | १ | | १ | २ | गाउँ पालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के. सञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | २ | गाउँ पालिका |
| ४ | सामुदायिक पुस्तकालय स्थापना | पुस्तकालय | | | १ | | | २ | गाउँ पालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | २ | गाउँ पालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ संस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | सा.सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | सा.सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | ३ | सा.सि.के. |
| ९ | बालिका तथा समावेशी शिक्षा कार्यक्रम सँचालन | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँ पालिका |
| १० | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | २ | गाउँ पालिका |

# परिच्छेद चार : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूअन्त

## परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रकाअन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राबिधिक शिक्षा, उच्च शिक्षा तथा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायतसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका प्रस्तुत गरिएको छ । परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चारलगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्तिजस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

## ४.१ पाठयक्रम तथा मुल्यांकन

## परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ । जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका

रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो ।

### ४.४.१. वर्तमान अवस्था

अर्नमा गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ । यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १-५ को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि परीक्षणको तयारीमा रहेको छ भने आधारभूत तह कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि अन्तिम तयारीमा जुटिरहेको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसै गरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ । आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ । आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ ।

पठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः

१. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग।
२. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
३. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग।
४. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता।
५. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।
६. स्थानीय पाठ्यक्रम कार्यान्वयन।
७. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास।

### ४.१.२ उद्देष्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध अर्नमा निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

### ४.१.३ रणनितिहरु

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ।
२. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
३. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।
४. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ।
५. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।

६. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ ।
७. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ ।
८. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध अर्नमा निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

५. विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने ।

**ख) नतिजा**

१. स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने ।
२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने ।
३. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने ।
४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ।
५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने ।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एककृत पाठ्यक्रम लागु गरेको विधालय सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| २ | परिक्षामा स्तारिकृत प्रश्न प्रयोग गर्ने विधालयसङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ८ | १ | १ | २ | | १ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विधालय सङ्ख्या | १ | २ | ४ | ३ | २ | १ |

**परिणात्मक लक्ष्य**

**४.१.४ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन | | | | | | | | |
| | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा / विषय | ० | १ | ० | ० | ० | १ | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा / विषय | ० | ५ | ५ | ५ | ० | २० | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा / विषय | ० | १ | १ | १ | १ | ४ | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा / विषय | ० | १ | १ | १ | १ | १ | गाउँपालिका |
| २ | विद्यार्थी मूल्याङ्कन | | | | | | | | |
| | नमुना साधन विकास | कक्षा / विषय | १ | १ | १ | १ | १ | १ | गाउँपालिका |
| | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा / विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |
| ३ | मातृभाषा वा स्थानीय भाषा | | | | | | | | |
| | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | | १ | १ | १ | १ | | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | कक्षा / विषय | | | १ | १ | १ | ३ | गाउँपालिका |
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ० | ५ | ५ | ५ | ५ | १५ | संघ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

**परिचय**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस अर्नमा गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

४.२.१ बर्तमान अवस्था

### शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) र सोह्रौ योजना २०८१-०८५ ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी

शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ।

**शिक्षक तयारी**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैंव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ। शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ।

**शिक्षणसिकाइ क्रियाकलाप**

कुनै पनि विषयवस्तु विद्यार्थी समक्ष पुर्‍याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ। कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ । शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस। शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ।

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्।

**शिक्षक पेशागत सहयोग पद्धति**

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापना सगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिनछ। राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१- १९९१) र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश: तिनको सङ्ख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो।

शिक्षक पेशागत सहयोग स्रोतकेन्द्र १०५३, अगुवा स्रोत केन्द्र ४६ र "क" शैक्षिक तालिम केन्द्रहरु ९, "ख" शैक्षिक तालिम केन्द्रहरु २० र उपकेन्द्र ५ बाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम , पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक

अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो।

**शिक्षक उत्तरदायित्व**

शिक्षणसिकाइ प्रक्रियामा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ। शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ। शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ।

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक तथा प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ।

यस गाउँपालिकाले तयार गरेको १०८ बुँदे शैक्षिक सुधार घोषणापत्रमा विभिन्न निकायको भूमिका तथा जिम्मेवारी अन्तर्गत प्र.अ. र शिक्षकको भूमिका तथा जिम्मेवारी तोकी शिक्षकलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउने अभ्यास गरिएको छ।

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।यस पालिकामा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १४.५१ कक्षा ६-८ मा ३२.६३ र कक्षा ९-१० मा ३४.४५ रहेको छ। पालिकाले आधारभूत तह (कक्षा १-५) मा बढी वा घटी भएका शिक्षक दरबन्दीलाई आधारभूत तह कक्षा (६-८) मा समायोजन तथा दरबन्दी मिलान, दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ अनुसार गरेको छ। जसअनुसार कूल १३ वटा प्रावि दरबन्दीलाई नि.मा.वि. पुलमा राखिएको छ।

शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन् -

१. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।
३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।

४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।
६. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयम्सेवक सूची प्रकाशन गर्नु।

४.२.२.उद्देश्य

यस पालिकाको  शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् -

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।
३. सबै तहमा योग्य, दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।
४. पालिका अन्तर्गत स्वयम् सेवक वक शिक्षकको छनोट गर्नु।

**४.२.३ रणनीतिहरू**

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन गरिनेछ।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
६. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
७. ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम्.फिल. वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ।

**४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

**ख) नतिजा**

१. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।
२. शिक्षण पेशा प्रतिसपर्धी र सम्मानित हुनेछ।
३. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
४. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान  परिमार्जन तथा आपूर्ति हुने।
५. क्षमतावान् तथा मेधावी शिक्षकले एम्.फिल्. वा विद्यावारिधिका अवसर पाएका हुनेछन्।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | १७ | १७ | १७ | निरन्तरता | निरन्तरता | निरन्तरता |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | ५१ % | ५१ % | ५१ % | ६० % | ८० % | १०० % |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त सिक्षक | १३ | १३ | १३ | १६ | २१ | २६ |
| ४ | सूचान तथा प्रविधि सम्बन्धि न्यूनतम सक्षमता भएका शिक्षक | ३ | ६ | १६ | १६ | १८ | ३२ |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली भएका विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |

### ४.२.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक तयारी | संख्या | ० | २० | ३० | ० | ५० | १० | गाउँपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | ० | १ | १ | १ | १ | १० | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | शिक्षक तयारी | | | | | | | | |
| | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | | | | | | आवश्यकता अनुसार | संघ /प्रदेश/ गाउँपालिका |
| ३ | शिक्षणसिकाइ क्रियाकलाप | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्ने मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | गाउँपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | पटक | | | | | | निरन्तर | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | ० | ३ | ३ | २ | ३ | २० | संघ /प्रदेश/ गाउँपालिका |
| | एक विद्यालय एक ICT ल्याव | संख्या | ० | ३ | ३ | २ | ३ | १५ | संघ /प्रदेश/ गाउँपालिका |
| | शिक्षक पेशागत सहयोग पद्धति | पटक | ० | | | | | निरन्तर | संघ /प्रदेश/ गाउँपालिका |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास गर्ने | पटक | ० | १ | ० | ० | १ | २ | गाउँपालिका |
| | पेशागत शैक्षिक अवलोकन | पटक | | | | | | निरन्तर | गाउँपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | ० | १ | १ | १ | १ | ३ | गाउँपालिका |
| | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | संख्या | ० | ५ | ५ | ५ | ५ | ३० | गाउँपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार नाउने | सबै विद्यालय | १९ | | | | | | गाउँपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | ० | १ | १ | १ | १ | ३ | गाउँपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | १ | ० | १ | ० | ० | १ | संघ /प्रदेश/ गाउँपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### परिचय

अर्नमा गाउँपालिका सामाजिक,आर्थिक,सास्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। अन्य जातिमा कुशवाहा (कोईरी) र यादवको मुख्य रुपमा बसोवासको बाहुल्यता रहेको यस क्षेत्रमा जनजाति, मुस्लमान तथा दलित समुदाय छन्। साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको ६.५४ प्रतिशत कम रहेको छ साथै जातीयताका आधारमा हेर्दा अन्य जातिमा कुशवाहा (कोईरी) र यादव ,जनजाति,दलित र मुस्लमान क्रमशः ३७.४७, ३०.९१, १८.६९ र १२.३९ प्रतिशत रहेका छन्। सोचनिय कुरा के हो भने रघुकुल सूर्यबंशी, कुशवाहा (कोईरी) र चन्द्रबंशी यादव (कृष्णबंशी) सनातन देखि क्षेत्री कूलको जात भए पनि विगतका नेपाली शासकले से जातिको रुपमा गणना गरेको छैन।

### ४.३.१ वर्तमान अवस्था

यस पालिकामा लैङ्गिक अनुपात ०.८७ प्रतिशत रहेको छ। गाउँ कार्यपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्‍ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। आधारभूत तह कक्षा १-३ मा ०.९९ कक्षा ४-५ मा ०.७९ कक्षा ६-८ मा ०.९३ र कक्षा ९-१० मा ०.९० प्रतिशत लैङ्गिक समता सूचक रहेको छ। यसै गरि सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात १:३६ रहेको छ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ -

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने।
४. विद्यालयमा विभेदरहित बालमैत्री बनाउने।

### ४.३.२ उद्देश्यहरू

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने।

### ४.३.३ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।

५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ ।
६. लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने ।
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने ।

**४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने ।

**ख) नतिजा**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने ।
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने ।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने ।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।
६. मातृभाषामा  सिकाइको अवसर प्रदान गरिने ।

| **क्र.स.** | **शिक्षामा समता र समाबेशीकरण** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ५३८ | ५०४ | ४७१ | ४३७ | ४०२ | ५३८ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.०५ | १.०४ | १.०४ | १.०४ | १.०४ | १.०४ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.२२ | १.२२ | १.२२ | १.२२ | १.२२ | १.२२ |

### ४.४.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | १ | १ | १ | २ | गाउँपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | | | | | | सा.के.सि. |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | गाउँपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालयहरूमा वालमैत्री , अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | ३ | ५ | ४ | ५ | १७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | निरन्तर | | | | | | | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | | १ | | १ | १ | ५ | संघ/ प्रदेश/ गाउँपालिका |

## ४.४. बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### परिचय

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०८०/२०८१ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ। नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०८०/२०८१ मा यो लगानी करिब ८ अरब पुगेको छ। नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं तथा सोह्रौ योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

### विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्।

### सरसफाइ तथा स्वच्छता

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

### ४.४.१ वर्तमान अवस्था

नेपाल सरकारबाट विद्यलय दिवा खाजा कार्यक्रम लागू हुनु पुर्व स्थानीय तहको संरचना वने पश्चात यस पालिकाले विधालयहरुमा संचालन रहेका प्रारम्भिक बालविकास १७ वटा कक्षाहरुमा "अर्नमा गाउँपालिकाले खाजा खुवाऔ, अभिभावकले नानीबाबुलाई विद्यालय पठाऔं" कार्यक्रम सञ्चालन गर्नु पर्छ । जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनिय सहभागिता हुनुका साथै समुदायको पनि सक्रिय सहभागिता रहनेछ। आ.व. २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाका दिवा खाजा सम्वन्धी व्यवस्थापन गर्ने प्रयास गरिएकोछ। कार्यक्रम संचालन गरेको भएता पनि व.व्य.स. वा आमा समुह गठन हुन नसकि जाहिएको जति पूर्णरुपमा विगतका वर्षमा प्रत्येक विधालयहरुमा खाजा संचालन कार्यक्रम गर्न सकिएको छैन।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ५ र महिला शिक्षक शौचालय २ वटा छन् । खानेपानीको आफ्नै श्रोत ट्यूवेल भएका सम्पूर्ण विद्यालयहरु रहेका छन् । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ ।
दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ -

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने ।
२. सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने ।
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने ।
४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु ।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने ।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।

### ४.४.२ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ -

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ ।
३. सवै विद्यालयमा user manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।

### ४.४. ४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने ।

**ख) प्रमुख नतिजाहरू**

१. विद्यालय दिवा खाजा कर्यविधि २०७७,अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने ।
२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन हुने।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने।
४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
५. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।
६. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरका े बालबालिका* (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्ष | १-५ | १-५ | १-५ | १-५ | १-५ | १-५ |
| ४ | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्नेविद्यालयको सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | खाने पानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुच पुगेका विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| 6 | नर्सिङ् से वा तथा सुबिधा पुगेको विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | १ |

### ४.४.५ प्रमुख कृयाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कर्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | ० | १ | ० | ० | ० | २ | गाउँपालिका |
| २ | एक विद्यालय एक स्वास्थकर्मि | संख्या | | | | | | | संघ/ प्रदेश/ गाउँपालिका |
| ३ | User manual समेतको प्राथमिक उपचार बाकस | संख्या | ० | ३ | ३ | ३ | ३ | | गाउँपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | १ | ० | १ | ० | ० | १ | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | | | | | | | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | १९ | | | | | विद्यालय |
| ८ | अभिभावक आमा समूह | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | विद्यालय |

## ४.५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता

### परिचय

विपदको अबस्थामा परिस्थितिजन्य शिक्षा भन्नाले द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन्। विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना मा यस पालिकाले आगामी ५ वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ -

क) प्राकृतिक प्रकोप: भूकम्प, बाढीपहिरो, हावाहुरी, शितलहर, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

ख) महामारी: झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, लु-लाग्नु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू।

ग) द्वन्द्व, विस्थापन: द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा

नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिनु पर्ने छ।

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरू -**

१. अर्नमा गाउँपालिकाका विद्यालय, विद्यार्थी र शिक्षकहरु भुकम्प, बाढी, शितलहर, आगलागी, लु, भाइरल ज्वरो लगायतका प्रकोपहरुको उच्च जोखिमममा हुनु।
२. विद्यालय सुधार योजनामा समावेश गरिएका विद्यालय विपद् व्यवस्थापन सँग सम्बन्धित क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु।
३. गाउँपालिका स्तरीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना कार्यान्वयनमा चुनौती हुनु।
४. शिक्षण सिकाई क्रियाकलापमा विपत जोखिम सम्बन्धी विषयवस्तुलाई प्रभावकारी कार्यान्वयनको अभाव हुनु
५. प्राकृतिक प्रकोप प्रति सचेतनाको अपर्याप्त जानकारी हुनु।
६. विद्यालय विपद व्यवस्थापनमा स्रोत तथा सामग्रीहरुको अभाव हुनु।

### ४.५.२ उद्देश्यहरू

१. प्राकृतिक प्रकोपको उच्च जोखिमबाट विद्यालय, विद्यार्थी र शिक्षकहरुलाई सुरक्षित गर्नु।
२. विद्यालय सुधार योजनामा समावेश गरिएका विद्यालय विपद् व्यवस्थापन सँग सम्बन्धित क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु।
३. गाउँपालिका स्तरीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजनालाई प्रभावकारी कार्यान्वयन गर्नु।
४. स्थानीय पाठ्यक्रममा विपत जोखिम न्यूनीकरणका विषयवस्तुलाई समावेश गरी कार्यान्वयनमा ल्याउनु।
५. विद्यालय विपत् व्यवस्थापनका लागि आवश्यक पर्ने पर्याप्त स्रोत साधनको सुनिश्चिता गर्नु।

### ४.५.३ रणनीतिहरू

१. गाउँपालिका भित्रका सबै विद्यालयहरुको विपत् जोखिम लेखाजोखा गरी विद्यालय विपत व्यवस्थपन योजना बनाउने र कार्यानव्यन गर्ने।
२. विद्यालय विपत व्यवस्थपन योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन गर्न स्थानीय तह का कर्मचारीहरु एवम् शिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने।
३. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गर्ने।
४. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम र पुनर्स्थापनाका लागि क्षमता विकास गर्ने।
५. अतिरिक्त क्रियाकलापहरुमा विपत जोखिम न्यूनिकरण संग सम्बन्धित क्रियाकलापहरु समावेश गर्ने।

६. स्थानीय तहले निर्माण गरेको विपत् व्यवस्थापन योजना कार्यान्वयन र अनुगमनमा संघ संस्थाहरु, स्थानीय समुदाय, विद्यालय एवम् प्रदेश तथा संघिय सरकार सँग समन्वय र सहकार्य गर्ने ।
७. स्थानीय पाठ्यक्रममा विपत जोखिम न्यूनीकरणका विषयवस्तुलाई समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन को सुनिश्चितता गर्ने ।
८. विपत जोखिम न्यूनिकरणका लागि सबै विद्यालयहरुमा नियमित अभ्यास गर्ने गराउने ।

**४.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

१. पालिका अन्तर्गतका सबै विद्यालय, शिक्षक र विद्यार्थीहरुले विपत् जोखिम न्यूनिकरणका लागि आवश्यक पर्ने आधारभूत ज्ञान र सिप प्राप्त गरेको हुनेछन् ।
२. विद्यालय तथा पालिकाले निर्माण गरेका विपत् जोखिम न्यूनिकरण सम्बन्धि योजनाहरु प्रभावकारी कार्यान्वयन भएको हुनेछन् ।
३. विद्यालय तथा पालिकाले निर्माण गरेका भौतिक संरचनाहरु भवन निर्माण संहिता मापदण्ड बमोजिम निर्माण भएको हुनेछन् ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | विपत व्यवस्थापन योजना भएका विद्यालयहरुको संख्या | ० | १३ | १३ | निरन्तरता | निरन्तरता |
| २ | विद्यालय विपत व्यवस्थापन सम्बन्धि तालिम प्राप्त शिक्षकहरुको संख्या | १३ | ३० | ३० | ३० | ५५ |
| ३ | विद्यालय विपत व्यवस्थापन समबन्धि तालिम प्राप्त वि.व्य.स. पदाधिकारी हरुको संख्या | १३ | २६ | २६ | २६ | ४२ |
| ४ | स्थानिय पाठ्यक्रममा समावेश भएका विपत जोखिम न्यूनिकरणका अभ्यास कार्यान्वयन गर्ने विद्यालयको संख्या | ० | १३ | १३ | १३ | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | जोखिम न्यूनिकरण सम्बन्धि नियमित अभ्यास गराउने विद्यालय संख्या | १ | १३ | १३ | १३ | १३ |
| ६ | विद्यालय विपत व्यवस्थापन योजना कार्यान्वयन गरिरहेका विद्यालय संख्या | ० | ५ | ८ | १० | १३ |
| ७ | विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड अनुसार निर्माण भएको विद्यालय को संख्या | १० | १३ | १३ | १३ | १३ |

### ४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सबै विद्यालयहरुमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन योजना निर्माण कार्यशाला | विद्यालय संख्या | १३ | ० | ० | ० | ० | १३ | संघ संस्था/ गाउँपालिका |
| २ | विपद् जोखिम न्यूनिकरण सम्बन्धि शिक्षकहरुको क्षमता विकास तालिम | शिक्षक संख्या | १३ | ३० | ३० | ३० | ० | १०३ | गाउँपालिका |
| ३ | विपद् जोखिम न्यूनिकरण सम्बन्धि वि.व्य.स. हरुको क्षमता विकास तालिम | संख्या | १३ | २६ | ० | २६ | ० | ६५ | संघ संस्था/ गाउँपालिका |
| ४ | विपद् जोखिम न्यूनिकरण सम्बन्धि कार्यको संयूक्त अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विपद् जोखिम न्यूनिकरण सम्बन्धि पालिका स्तरीय प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ६ | विद्यालयहरुमा निर्माणाधिन रहेका भौतिक संरचनाहरुको जोखिम न्यूनिकरण सम्बन्धि कार्यहरुको अनुगमन र सुपरिवेक्षण | पटक | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |
| ७ | स्थानीय पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धि विषयवस्तु समावेश गर्न ३ दिने कार्यशाला | पटक | २६ | ० | ० | ० | ० | २६ | गाउँपालिका |
| ८ | विद्यालयमा विपद् जोखिम न्यूनिकरण सम्बन्धि अभ्यास गर्न बालक्लबहरुलाई सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका/ विद्यालय |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

**परिचय**

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि शुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई शुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय १९ मध्ये १३ सामुदायिक, ४ सस्थागत र २ धार्मिक मदर्सा विद्यालय छन् । सामुदायिक विद्यालय तर्फ ७२ भवन रहेकोमा ७२ वटा पक्की भवन छन् जसमा साममुदायिक तर्फ १७८ वटा कक्षाकोठा पक्की छन् यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ । सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ५, छात्र शौचालय १० तथा महिला शिक्षक शौचालय २ वटा छन् । खानेपानीको आफ्नै श्रोत ट्यूवेल भएका विद्यालय १९ रहेका छन । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ । पालिका भरमा ३ वटा विद्यालयमा पुस्तकालय, २ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १ विद्यालयमा कम्प्युटर प्रयोगशाला र १७ वटा विद्यालयमा इन्टरनेट पुगेको छ । विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा १० विद्यालयमा स्टाफ कोठा, ३ विद्यालयमा स्टोर कोठा, २ विद्यालयमा खेलकुद कोठा साथै १ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन् । यस पालिकामा २ वटा विद्यालयमा ४ कोठे पक्की भवन निर्माण र निर्माणधीन अवस्थामा छन् । अधिकांस विद्यालयमा तारजाली सहितको घेराबारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन् ।

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् -

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका ।
२. पूर्वाधार विकास कालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु ।
३. शुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु ।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ।

**४.६.२ उद्देश्य**

**१.** अर्नमा गाउँपालिकाका सबै विद्यार्थीहरूले सुरक्षित, उपयुक्त, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सिकाइमैत्री भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त गरेका हुनेछन्।

**२.** सबै विद्यालयमा आवश्यकताअनुसार पर्याप्त तथा गुणस्तरीय कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, विद्युत् तथा सरसफाइका सुविधाहरू विकास भएका हुनेछन्।

**३.** विद्यालयका भौतिक संरचनाहरू भूकम्प, आगलागी, बाढी तथा अन्य विपद्का जोखिमलाई ध्यानमा राखी सुरक्षित तथा विपद् प्रतिरोधी बनाइएका हुनेछन्।

**४.** विद्यालयमा अपाङ्गता भएका विद्यार्थीका लागि पहुँचयोग्य संरचना तथा आवश्यक सुविधाको विकास भई समावेशी शैक्षिक वातावरण निर्माण भएको हुनेछ।

**५.** विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर तथा सूचना प्रविधिसम्बन्धी पूर्वाधारको विकास गरी प्रविधिमैत्री सिकाइ वातावरण निर्माण भएको हुनेछ।

**६.** विद्यालय परिसर स्वच्छ, हरियालीयुक्त, वातावरणमैत्री तथा बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उपयुक्त बनाइएको हुनेछ।

**७.** विद्यालयको भौतिक पूर्वाधार विकास तथा व्यवस्थापनमा स्थानीय समुदाय, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा सम्बन्धित सरोकारवालाको सहभागिता र अपनत्व अभिवृद्धि भएको हुनेछ।

### ४.६.३ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिनेछ ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ ।
५. पूर्वाधार निर्माणसँगै शुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
७. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ ।

### ४.६.४ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

**क) उपलब्धि**

**१.** अर्नमा गाउँपालिकाका सबै विद्यार्थीहरूले सुरक्षित, उपयुक्त, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सिकाइमैत्री भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त गरेका हुनेछन्।

**२.** विद्यालयहरूमा पर्याप्त तथा गुणस्तरीय कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, विद्युत्, सरसफाइ तथा अन्य आवश्यक भौतिक सुविधाको विकास भएको हुनेछ।

**३.** विद्यालयका भौतिक संरचनाहरू विपद् जोखिम न्यूनीकरणका मापदण्डअनुसार सुरक्षित तथा विपद् प्रतिरोधी बनाइएका हुनेछन्।

**४.** अपाङ्गता भएका विद्यार्थीका लागि पहुँचयोग्य संरचना निर्माण तथा आवश्यक सुविधाको व्यवस्था भई समावेशी शैक्षिक वातावरण सुनिश्चित भएको हुनेछ।

**५.** विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर, इन्टरनेट तथा अन्य सूचना प्रविधिसम्बन्धी पूर्वाधारको विकास भई प्रविधिमैत्री सिकाइ वातावरण निर्माण भएको हुनेछ।

**६.** विद्यालय परिसर स्वच्छ, हरियालीयुक्त, वातावरणमैत्री तथा विद्यार्थीको स्वास्थ्य, सुरक्षा र सिकाइका लागि उपयुक्त बनाइएको हुनेछ।

**७.** विद्यालयको भौतिक पूर्वाधार विकास, संरक्षण तथा व्यवस्थापनमा विद्यालय व्यवस्थापन समिति, अभिभावक, स्थानीय समुदाय तथा सरोकारवालाको सहभागिता र अपनत्व अभिवृद्धि भएको हुनेछ।

**ख) नतिजा**

१. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यासहित कार्यान्वयन प्रारूप विकास हुने।
४. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।
६. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने।
७. सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १३ | १३ | १३ | १८ | २१ | ३३ |
| २ | नयाँनिर्माण गर्नुपगर्नुने कक्षाकोठा सङ्ख्या | १२ | ८ | | ६ | ० | ० |
| ३ | सवलीकरण गर्नुपगर्नुने कक्षाकोठा सङ्ख्या | १० | १० | १५ | ५ | ५ | ५ |
| ४ | नयाँ निर्माण गर्नुपगर्नुने शौचालय सङ्ख्या | ५ | ३ | ४ | २ | २ | १ |

### ४.६.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | २ | गाउँपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | १ | | | ३ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अपाङ्गमैत्री बालमैत्री तथा , लैङ्गिक मैत्री भौतिकपूर्वाधार निर्माण | संख्या | | | २ | २ | २ | १३ | गाउँपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | | १ | १ | १ | १ | १० | गाउँपालिका |

### ४.७ विद्यालयमा सुचना तथा संचार प्रबिधि

**परिचय**

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्।

हालको कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ।

### ४.७.१ वर्तमान अवस्था

अर्नमा गाउँपालिकाका विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि र शैक्षिक प्रविधिको पहुँच विस्तार हुँदै गएको भए तापनि यसको प्रयोग र उपलब्धतामा अझै सुधार गर्नुपर्ने अवस्था रहेको छ। गाउँपालिकाका १९ वटा विद्यालयमा विद्युत् सुविधाको पहुँच रहेको छ। त्यसैगरी २ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला तथा ११ वटा विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ।

विद्यालयमा विद्युत् तथा इन्टरनेटको पहुँच विस्तार भए पनि सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आवश्यक उपकरण, डिजिटल शैक्षिक सामग्री तथा प्रविधिमैत्री पूर्वाधार पर्याप्त रूपमा उपलब्ध हुन सकेको छैन। साथै, शिक्षकहरूको प्रविधिमा पहुँच, डिजिटल सीप तथा शिक्षण–सिकाइमा सूचना प्रविधिको प्रयोगसम्बन्धी क्षमता अझै अपेक्षाकृत कमजोर रहेको देखिन्छ।यस अवस्थालाई सुधार गर्न विद्यालयहरूमा आवश्यक कम्प्युटर, इन्टरनेट, स्मार्ट शिक्षण सामग्री तथा डिजिटल स्रोतसाधनको विस्तार, शिक्षकहरूको डिजिटल तथा सूचना प्रविधिसम्बन्धी क्षमता विकास, र उपलब्ध प्रविधिलाई नियमित शिक्षण–सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा प्रयोग गर्ने वातावरण निर्माण गर्न आवश्यक रहेको छ। यसबाट शिक्षण सिकाइलाई थप प्रभावकारी, रुचिकर, प्रविधिमैत्री तथा विद्यार्थीकेन्द्रित बनाउन सहयोग पुग्नेछ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ -

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न ।
२. विस्तार गरिएका पुस्तकालयलाई ई-पुस्तकालयको रुपमा कार्यान्वयन गर्न र थप पुस्तकालयको व्यवस्थापन प्रत्येक विधालयमा गर्न ।
३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न ।
४. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न ।
५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न ।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न ।
७. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउने ।

### ४.७.२ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।

### ४.७.३ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने ।

२. शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक  शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ ।
४. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ ।
५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ ।
६. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
७. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ ।
९. विद्युत्तीय पुस्तकालय लाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ ।
१०.सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ ।

### ४.७.४ नतिजा, क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि

**१.** अर्नमा गाउँपालिकाका समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भई शिक्षण–सिकाइ, शैक्षिक व्यवस्थापन तथा सेवा प्रवाहमा प्रविधिको प्रभावकारी प्रयोग भएको हुनेछ।

**२.** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आवश्यक पूर्वाधार, उपकरण तथा इन्टरनेट सुविधाको पहुँच विस्तार भई डिजिटल सिकाइको अवसरमा वृद्धि भएको हुनेछ।

**३.** शिक्षक तथा विद्यालयका कर्मचारीको डिजिटल सीप तथा प्रविधि प्रयोगसम्बन्धी क्षमता विकास भई शिक्षण–सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग भएको हुनेछ।

**४.** डिजिटल शैक्षिक सामग्रीको प्रयोग तथा विकासमार्फत शिक्षण–सिकाइलाई थप प्रभावकारी, रुचिकर, गुणस्तरीय तथा विद्यार्थीकेन्द्रित बनाइएको हुनेछ।

**५.** विद्यालयको अभिलेख व्यवस्थापन, सूचना सम्प्रेषण, योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीमा सूचना प्रविधिको प्रयोग विस्तार भई शैक्षिक व्यवस्थापनमा सुधार भएको हुनेछ।

**६.** सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमार्फत विद्यालयको पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व तथा सुशासन प्रवर्द्धन भएको हुनेछ।

**७.** विद्यार्थी, शिक्षक, अभिभावक तथा समुदायको डिजिटल साक्षरता अभिवृद्धि भई सूचना तथा प्रविधिको सुरक्षित, जिम्मेवार र सिर्जनात्मक प्रयोग गर्ने क्षमता विकास भएको हुनेछ

**ख) नतिजा**

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याव स्थापना र सञ्चालन हुने ।
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने ।
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन का लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने ।
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने ।
५. प्रत्येक वडामा एक फ्रि वाई-फई चौतारी निर्माण गर्ने ।
६. शिक्षकहरूको क्षमता विकास गरी स्वयम्सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने ।
८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटरलगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ६ | १ | १ | १ | २ | २ |
| ३ | मखुय विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३ | ३ | ४ | ७ | ९ | १२ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नेविद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | बिधुतको पहुच पुगेको विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |

### ४.७.५ **प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | 0 | ३ | ३ | ४ | २ | ३० | संघ/ प्रदेश/ गाउँपालिका |
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना | संख्या | १ | १ | १ | १ | १ | १ | प्रस्थानीय / . |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | ० | ४ | ४ | ४ | ४ | २८ | विद्यालय |
| ४ | ईपुस्तकालय- आद्यावधिक र विस्तार | संख्या | १० | ० | ० | ९ | ० | १९ | गाउंपालिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच | प्रतिशत | ० | १० | १० | १० | १० | ८० | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | ० | २ | ३ | ४ | १ | | गाउँपालिका |
| ७ | फ्रि वाईफाई चौतारी- | संख्या | ० | १ | २ | ० | २ | ५ | गाउँपालिका |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | गाउँपालिका |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | | | | | | | गाउँपालिका |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | | | | | सबै | | | संघ/ प्रदेश/ गाउँपालिका |

# परिच्छेद पाँच : योजनाको नतिजा खाका (अन्य उपक्षेत्र)

## परिचय

अर्नमा गाउँपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ । यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरीएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरीएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो । जसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ । यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ । यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ । नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ ।

यस परिच्छेदमा योजनाको समग्र खाकाअन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरीएको छ । त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ।

### ५.१ योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ । त्यसै गरी योजनाको तत्कालीन, ध्यकालीन र दीर्घकालीन तथा उपलब्धिहरू उल्लेख गरीएको छ भने  उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ । यस पछिका दुई तालिकामा (तालिका ७.१ र ७.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा सूचकहरू समावेश गरिएको छ ।

**तत्कालीन उपलब्धि**

**तालिका  ७.१ योजनाको समग्र नतिजा, नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन, |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| ३ | धुम्ती पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | निरक्षरहरुको विवरण संकलन | | |
| ६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |
| ७ | विद्यालयको मर्मत सम्भार | | |

| | | | |
|---|---|---|---|
| ७ | ईपुस्तकालय- अद्यावधिक र विस्तार | | ● वार्षिक परीक्षको नतिजा विष्लेषण |

**मध्यकालीन उपलब्धि**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | स्नातक तहको अध्ययन | ● प्रमुख कार्य सम्पादन सूचकहरु,<br>● कार्यक्रम नतिजा सूचकहरु | ● एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>● वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>● वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | प्राविधिक धारको स्तर उन्नती | | |
| ३ | स्वयम् सेवक शिक्षक तयारी | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | | |
| ६ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ८ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |

**दीर्घकालीन उपलब्धि**

| क्र.सं. | उवपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | ● प्रमुख कार्य सम्पादन सूचकहरु<br>● कार्यक्रम नतिजा सूचकहरु | ● एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>● वार्षिक स्थिति प्रतिवेदन<br>● वार्षिक अनुगमन प्रतिवेदन<br>● विभिन्न तहमा वार्षिक प्रगति प्रतिवेदन |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच , सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | शुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | | |
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान ,सकारात्मक सोच भएको, निरन्तर | | |

| | | | |
|---|---|---|---|
| | सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने। | | ● वार्षिक परीक्षको नतिजा विष्लेषण |
| ६ | प्रविधिमैत्रीक्षमतावान् र सक्षम , शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |
| १० | आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने। | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने। | | |
| १२ | सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने। | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने। | | |
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने। | | |

## ५.२ प्रमुख कार्य सम्पादन सूचकहरु

### तालिका ७.२ प्रमुख कार्य सम्पादन सूचकहरु

| क्र. सं. | नतिजा सूचक | आधार वर्ष २०८० | लक्ष्य | | | | | ०८०/०८१ देखि ०८४/८५ सम्म | ०८४/८५ देखि २०९० सम्म |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/८५ | | |
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | |
| 1.1 | कूल भर्नादर | 70.4 | 72 | 74 | 78 | **88** | **95** | **100** | 105 |
| १.२ | ४ वर्ष उमेरका बालबलिकाको भर्ना | 52.0 | 57 | 67 | 74 | 80 | 85 | 90 | 100 |
| १.३ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३० दिने तालिम | 91.2 | 92 | 93 | 95 | 96 | 97 | 98 | 100 |
| १.४ | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुने बालाका | 60.5 | 92 | 93 | 94 | 96.5 | 98.5 | 100 | 100 |
| १.५ | आवस्यक न्यूनतम योग्यता | 95.7 | 96 | 96.5 | 97 | 98 | 99 | 100 | 100 |
| २. **आधारभूत शिक्षा** | | | | | | | | | |
| २.१ | कक्षा १ मा कूल भर्नादर | 101.2 | 120 | 115 | 112 | 110 | 109 | 106 | 100 |
| २.२ | कक्षा १ मा खुद भर्नादर | 96.1 | 97.8 | 97.9 | 98 | 98.3 | 98.8 | 99 | 99 |
| २.३ | कक्षा १-५ मा खुद भर्नादर | 95.6 | 97 | 97.5 | 98 | 98.5 | 99 | 100 | 100 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.४ | कक्षा १-५ मा कूल भर्नादर | 105.6 | 119 | 117 | 116 | 115 | 114 | 112 | 107 |
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | 103.7 | 111 | 112 | 113 | 113.5 | 114 | 115 | 110 |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | 94.0 | 98.7 | 98.8 | 98.9 | 98.9 | 99 | 99 | 100 |
| २.७ | आधारभूत तहमा लैङ्गिक समता सूचकाङ्क | 0.98 | 0.99 | 0.99 | 1 | 1 | 1 | 1 | 1 |
| २.८ | आधारभूतहको कक्षा ८ सम्म टिकाउ दर | 85.5 | 92 | 94 | 95 | 96 | 97.5 | 98.9 | 99 |
| २.९ | आधारभूतह पूरा गर्ने दर | 72.5 | 75 | 80 | 85 | 90 | 95 | 98.7 | 99 |
| २.१० | ५-१२ उमेर समूहका विद्यालय बाहिर रहेको संख्या | 6.2 | 5.5 | 5 | 4 | 3 | 2 | 1 | 0 |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्नादर | 85.2 | 120 | 118 | 116 | 113 | 108 | 105.9 | 109 |
| ३.२ | कक्षा ९-१० मा खुद भर्नादर | 77.9 | 68 | 73 | 77 | 79 | 80 | 81.4 | 96.4 |
| ३.३ | कक्षा ११-१२ मा कूल भर्नादर | 23.8 | 56.5 | 61 | 65 | 70.3 | 74.5 | 77.3 | 85.8 |
| ३.४ | कक्षा ११-१२ मा खुद भर्नादर | 8.6 | 28.8 | 31 | 34.5 | 37 | 49 | 40.1 | 62.2 |
| ३.५ | कक्षा ९-१२ मा कूल भर्नादर | 60.0 | 105.5 | 104 | 100 | 97 | 94 | 91.6 | 97 |
| ३.६ | कक्षा ९-१२ मा खुद भर्नादर | 49.5 | 49.5 | 49.9 | 51 | 54 | 56 | 58.1 | 72.1 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.७ | माध्यमिक तहको कक्षा १० टिकाउ दर | 49 | 59 | 69 | 79 | 85 | 91 | 97.9 | 99 |
| ३.८ | माध्यमिक तहमा लैङ्गिक समता सूचकाङ्क | 1.01 | 1.01 | 1.02 | 1.01 | 1 | 1 | 1 | 1 |
| **४. पाठ्यक्रम र मूल्याङ्कन** | | | | | | | | | |
| ४.१ | स्थानीय पाठ्यक्रम परीक्षण कक्षा 1-5 | 0 | 1-3 | 4-5 | 1-5 | - | - | - | - |
| ४.२ | स्थानीय पाठ्यक्रम कार्यान्वयन कक्षा 1-5 | 0 | 0 | 1-3 | 4-5 | 1-5 | - | - | - |
| ४.३ | स्थानीय पाठ्यक्रम परीक्षण कक्षा 6-8 | 0 | 6 | 7 | 8 | - | 6-8 | - | - |
| ४.४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन कक्षा 6-8 | 0 | 0 | 6 | 7 | 8 | - | 6-8 | - |
| ५. शिक्षक व्यवस्थापन र क्षमता विकास | | | | | | | | | |
| ५.१ | आधारमूत तहमा महिला शिक्षक | 16 | 26 | 36 | 46 | 48 | 48.5 | 49 | 50 |
| ५.२ | माध्यमिक तहमा महिला शिक्षक | 10 | 12 | 15 | 18 | 22 | 25 | 28 | 30 |
| ५.३ | बाल विकासमा न्यूनतम | 0 | 5.00 | 10.00 | 5.00 | 10.00 | 5.00 | 35.00 | 70.00 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइ पूर्वाधार | | | | | | | | |
| ५.४ | आधारभूत तहमा न्यूनतम सिकाइ पूर्वाधार | 0 | 2.00 | 5.00 | 10.00 | 12.00 | 15.00 | 44.00 | 60.00 |
| ५.५ | माध्यमिक तहमा न्यूनतम सिकाइ पूर्वाधार | 0 | 10.00 | 0 | 10.00 | 5.00 | 0 | 25.00 | 50.00 |
| **६. स्थानीय तहको शिक्षामा लगानी** | | | | | | | | | |
| ६.१ | स्थानीय तहको शिक्षामा लगानी | 11.64 | 12 | 13 | 14 | 15 | 16 | 17 | 20 |

## ५.३ कार्यक्रम नतिजा खाका

### तालिका ५ .३ प्रमुख कार्य सम्पादन सूचकहरु

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष २०८० | लक्ष्य | ०८०/०८१ देखि ०८४/८५ सम्म | ०८४/८५ देखि २०९० सम्म | कैफियत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/८५ | | | |
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | | | |
| 1.1 | सहजै देखिने भर्नादर | प्रतिशत | 70.4 | 72 | 74 | 78 | **88** | **95** | **100** | 105 | |
| १.२ | ४ वर्ष उमेरका बालबालिकाको भर्ना | प्रतिशत | 52.0 | 57 | 67 | 74 | 80 | 85 | 90 | 100 | |
| १.३ | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुने बालवालिका | प्रतिशत | 60.5 | 92 | 93 | 94 | 96.5 | 98.5 | 100 | 100 | |
| १.४ | प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका अनुसार मापदण्ड पूरा भएका केद्र | प्रतिशत | 0 | 3 | 3 | 3 | 3 | 3 | 15 | 17 | |
| १.५ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | प्रतिशत | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.६ | बाल विकास केन्द्रमा पोषण कर्नर स्थापना | प्रतिशत | 10 | 15 | 20 | 25 | 30 | 40 | 60 | 100 | |
| १.७ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३० दिने तालिम | संख्या | 0 | 2 | 3 | 4 | 3 | 2 | 3 | 17 | |
| १.८ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | 0 | 1 | 0 | 0 | 1 | 0 | 0 | 1 | |
| १.९ | प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारे (सहायक कर्मचारी) को व्यवस्थापन | सख्या | 0 | 4 | 4 | 5 | 4 | 10 | 17 | 17 | |
| **२. आधारभूत शिक्षा** | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कूल भर्नादर | प्रतिशत | 101.2 | 120 | 115 | 112 | 110 | 109 | 106 | 100 | |
| २.२ | कक्षा १ मा खुद भर्नादर | प्रतिशत | 96.1 | 97.8 | 97.9 | 98 | 98.3 | 98.8 | 99 | 99 | |
| २.३ | कक्षा १-५ मा कूल भर्नादर | प्रतिशत | 105.6 | 119 | 117 | 116 | 115 | 114 | 112 | 107 | |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | प्रतिशत | 95.6 | 97 | 97.5 | 98 | 98.5 | 99 | 100 | 100 | |
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | प्रतिशत | 103.7 | 115 | 112 | 113 | 113.5 | 114 | 115 | 110 | |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | प्रतिशत | 94.0 | 98.7 | 98.8 | 98.9 | 98.9 | 99 | 99 | 100 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.७ | आधारभूत तहमा विद्यालय बाहिरका रहेका बालबालिकाहरु | प्रतिशत | 6.2 | 5.5 | 5 | 4 | 3 | 2 | 1 | 0 | |
| २.८ | आधारभूत तहमा लैङ्गिक समता सूचकाङ्क | प्रतिशत | 0.98 | 0.99 | 0.99 | 1 | 1 | 1 | 1 | 1 | |
| २.९ | कक्षा १ मा कक्षा दोहोऱ्याउने दर | प्रतिशत | | | | | | | | | |
| २.१० | कक्षा १ मा कक्षा छाड्ने दर | प्रतिशत | | | | | | | | | |
| २.११ | आधारभूत तहको कक्षा ८ सम्म टिकाउ दर | प्रतिशत | 85.5 | 92 | 94 | 95 | 96 | 97.5 | 98.9 | 99 | |
| २.१२ | आधारभूत तह पूरा गर्ने दर | प्रतिशत | 72.5 | 75 | 80 | 85 | 90 | 95 | 98.7 | 99 | |
| २.१३ | विषयगत रुपमा थप शिक्षक दरबन्दी | प्रतिशत | 0 | **10** | **20** | **30** | **40** | **50** | 60 | 100 | |
| २.१४ | आधारभूतहमा न्यूनतम सिकाइ पूर्वाधार भएका विद्याल | प्रतिशत | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | |
| २.१५ | दिवा खाजा प्राप्त गर्ने विद्यार्थी कक्षा १-५ | प्रतिशत | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | |
| | प्रोत्साहन र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी कक्षा १-५ | प्रतिशत | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | |
| २.१६ | पाठ्यपुस्तक उपलब्ध हुने विद्यार्थी | प्रतिशत | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | |
| २.१७ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | संख्या | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | प्रतिशत | 0 | 10 | 20 | 30 | 40 | 50 | 100 | 100 | |
| २.१९ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | 0 | 10 | 20 | 30 | 40 | 50 | 100 | 100 | |
| २.२० | घुम्ती पुस्तकालय सञ्चालन | संख्या | 0 | 1 | 0 | 0 | 1 | 0 | 0 | 1 | |
| ३. **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्नादर | प्रतिशत | 85.2 | 120 | 118 | 116 | 113 | 108 | 105.9 | 109 | |
| ३.२ | कक्षा ९-१० मा खुद भर्नादर | प्रतिशत | 77.9 | 68 | 73 | 77 | 79 | 80 | 81.4 | 96.4 | |
| ३.३ | कक्षा ११-१२ मा कूल भर्नादर | प्रतिशत | 23.8 | 56.5 | 61 | 65 | 70.5 | 74.5 | 77.3 | 85.8 | |
| ३.४ | कक्षा ११-१२ मा खुद भर्नादर | प्रतिशत | 8.6 | 28.8 | 31 | 34.5 | 37 | 49 | 40.1 | 62.2 | |
| ३.५ | कक्षा ९-१२ मा कूल भर्नादर | प्रतिशत | 60.0 | 105.5 | 104 | 100 | 97 | 94 | 91.6 | 97 | |
| ३.६ | कक्षा ९-१२ मा खुद भर्नादर | प्रतिशत | 49.5 | 49.5 | 49.9 | 51 | 54 | 56 | 58.1 | 72.1 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.७ | माध्यमिक तहको कक्षा १० सम्म टिकाउ दर | प्रतिशत | 49 | 59 | 69 | 79 | 85 | 91 | 97.9 | 99 | |
| ३.८ | माध्यमिक तहको लैङ्गिक समता सूचक | प्रतिशत | 1.01 | 1.01 | 1.02 | 1.01 | 1 | 1 | 1 | 1 | |
| ३.९ | माध्यमिक तहमा न्यूनतम सिकाइ पूर्वाधार भएका विद्याल | प्रतिशत | 50 | - | - | - | - | - | - | 100 | |
| ३.१० | विषयगत रुपमा थप शिक्षक दरबन्दी | प्रतिशत | 0 | 10 | 20 | 50 | - | - | - | 100 | |
| ३.११ | प्राविधिक धारका विद्यलय | संख्या | 1 | 0 | 1 | 0 | 1 | 0 | 1 | 4 | |
| ३.१२ | प्राविधिक धारका विषय क्षेत्र थप | संख्या | 1 | - | 1 | - | 1 | - | 1 | 4 | |
| ३.१३ | नमुना विद्यालय | संख्या | 0 | 1 | 0 | 1 | 0 | 1 | 0 | 1 | |
| ३.१४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | प्रतिशत | - | 20 | 30 | - | 40 | 50 | - | 100 | |
| ३.१५ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | प्रतिशत | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | |
| ३.१६ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | | | | | | | | | |
| ४. पाठ्यक्रम र मूल्याङ्कन | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | स्थानीय पाठ्यक्रम परीक्षण कक्षा 1-5 | विद्यालय | | 1-3 | 4-5 | 1-5 | | | | | |
| ४.२ | स्थानीय पाठ्यक्रम कार्यान्वयन कक्षा 1-5 | विद्यालय | | | 1-3 | 4-5 | 1-5 | | | | |
| ४.३ | स्थानीय पाठ्यक्रम परीक्षण कक्षा 6-8 | विद्यालय | | 6 | 7 | 8 | 0 | 6-8 | | | |
| ४.४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन कक्षा 6-8 | विद्यालय | | | 6 | 7 | 8 | 0 | 6-8 | | |
| ४.५ | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | संख्या | आवश्यक्तानुसार | | | | | | | | |
| ४.६ | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | संख्या | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | 5 | |
| ४.७ | कार्य सञ्चयिका फायलको प्रयोग | प्रतिशत | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | |
| ४.८ | स्थानीय पाठ्यक्रम लाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | | | | १ | १ | - | - | - | |
| ४.९ | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | - | - | - | - | 1-5 | 6-8 | - | - | |
| ४.१० | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | 0 | 5 | 7 | 9 | 15 | 20 | 25 | 100 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.११ | मूल्याङ्क प्रक्रिया तथा साधान विकास, परिक्षण र कार्यान्वयन | कक्षा | 0 | 0 | 1-5 | 6-8 | 9-10 | 11-12 | 9-12 | 1-12 | |
| ४.१२ | प्रविधिक धार तर्फको कार्यक्रमको प्रभावकारिताको अध्ययन | पटक | 0 | 1 | 1 | 1 | 1 | 1 | 1 | 10 | |
| | | | | | | | | | | | |
| ५.१ | स्वयम् सेवक शिक्षक तयारी | संख्या | 0 | 20 | 30 | 0 | 50 | 0 | 60 | 100 | |
| ५.२ | शिक्षक तयारी | | | | | | | | | | |
| ५.३ | नव नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | 0 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | |
| ५.४ | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | प्रतिशत | 0 | 1 | 0 | 0 | 0 | 1 | 0 | 0 | |
| ५.५ | क्षमता विकास तालिम | संख्या | 0 | 5 | 5 | 4 | 5 | - | - | 19 | |
| ५.६ | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | 0 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | |
| ५.७ | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | पटक | 0 | 5 | 3 | 4 | 4 | 3 | 0 | 19 | |
| ५.८ | पेशागत शैक्षिक अवलोकन | संख्या | 0 | 1 | 0 | 0 | 1 | 0 | 0 | 1 | |
| ५.९ | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था | विद्यालय | प्रत्येक | | | | | | | | |
| **६. अनौपचारिक** | | | | | | | | | | | |

| शिक्षा तथा आजीवन सिकाइ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.१ | ६+ वर्षको साक्षरता दर | प्रतिशत | 78 | 81 | 85 | 90 | 96 | 98 | 99 | 10 0 | |
| ६.२ | १५-2४ वर्षको साक्षरता दर | प्रतिशत | 92 | 94 | 96 | 98 | 99 | 99.5 | 100 | 10 0 | |
| ६.३ | १५+ वर्षको साक्षरता दर | प्रतिशत | 58 | 78 | 85 | 90 | 95 | 97 | 99 | 10 0 | |
| ६.४ | निरक्षरहरुको विवरण संकलन | पटक | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | |
| ६.५ | साक्षर अर्नमा | पटक | 0 | 0 | 2 | 0 | 0 | 3 | - | - | |
| ६.६ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के को स्थापना र सञ्चालन | पटक | 0 | 0 | 1 | 0 | 0 | 1 | 0 | 0 | |
| ६.७ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसँग आवद्ध गर्ने | पटक | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ६.८ | सा.सि.के मा सूचना प्रविधिको विकास गर्ने | संख्या | 0 | 1 | 0 | 0 | 1 | 0 | 0 | 1 | |
| ६.९ | साक्षरता कक्षा संञ्चालन | पटक | 1 | 1 | 0 | 0 | 1 | 0 | 0 | 1 | |
| ६.१० | परिचालकको क्षमता विकास | पटक | 0 | 1 | 0 | 1 | 0 | 0 | 1 | 0 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **७. शैक्षिक समता र समावेशीकरण** | | | | | | | | | | | |
| ७.१ | विषेश विद्यालय संञ्चालन | संख्या | आवश्यक्तानुसार | | | | | | | | |
| ७.२ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | प्रतिशत | निरन्तर 100 | | | | | | | | |
| ७.३ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | विद्यालय | सवै | | | | | | | | |
| ७.४ | लैङ्गिकमैत्री, अपाङ्ग मैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण | संख्या | 0 | 0 | 5 | 0 | 5 | - | - | 25 | |
| **८. दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | | | | | | | | | | | |
| 8.1 | विद्यालय दिवा खाजा कर्यविधि २०७७, अद्याबधि र परिमार्जन | पटक | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 2 | |
| ८.२ | एक विद्यालय एक स्वास्थकर्मि | विद्यालय | | | | | | | | | |
| ८.३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | 0 | 3 | 3 | 3 | 3 | 3 | 3 | 1 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८.४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | विद्यालय | 1 | 0 | 1 | 0 | 0 | 1 | - | - | |
| ८.५ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | प्रतिशत | निरन्तर 100 | | | | | | | | |
| ८.६ | अभिभावक आमा समूह गठन र परिचालन | प्रतिशत | 50 | 100 | 100 | - | - | - | - | - | |
| **९.छात्रवृत्ति** | | | | | | | | | | | |
| ९.१ | छात्रवृत्ति छनोट र वितरण कार्यविधि विकास | पटक | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | |
| ९.२ | छात्रवृत्ति र दिवा खाजा व्यवस्थापन समिति गठन | संख्या | सवै | | | | | | | | |
| ९.३ | अनुगमन तथा मूल्याङ्कन | पटक | 2 | 2 | 2 | 2 | 2 | 2 | 2 | 2 | |
| **१०.परिस्थिति जन्य शिक्षा** | | | | | | | | | | | |
| १०.१ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | संख्या | 0 | 0 | 5 | 5 | 2 | 5 | 2 | 19 | |
| १०.२ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | 0 | 5 | 10 | 15 | 20 | 30 | 40 | 90 | |
| १०.३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | प्रतिशत | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | |
| **११. विद्यालय भौतिक पूर्वाधार विकास** | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११.१ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | 0 | 1 | - | - | - | - | - | 2 | |
| ११.२ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | 0 | 1 | 1 | - | - | - | - | 3 | |
| ११.३ | अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक संरचना | प्रतिशत | 0 | 30 | 40 | 50 | 60 | 70 | 80 | 100 | |
| ११.४ | शौचालय पानी र सरसफाइ | प्रतिशत | निरन्तर 100 | | | | | | | | |
| **१२.सूचना प्रविधि** | | | | | | | | | | | |
| १२.१ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | प्रतिशत | 0 | 15 | 15 | 25 | 30 | 10 | 5 | 100 | |
| १२.२ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याव स्थापना | पटक | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | |
| १२.३ | ई-पुस्तकालय अद्यावधिक र विस्तार | संख्या | 10 | 0 | 0 | 9 | 0 | 0 | 0 | 19 | |
| १२.४ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुँच | प्रतिशत | 0 | 10 | 10 | 10 | 10 | 10 | 80 | 100 | |
| १२.५ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | प्रतिशत | 0 | 10 | 10 | 10 | 10 | 50 | 10 | 100 | |
| १२.६ | फ्रि वाई-फाई चौतारी | वडा | 0 | 1 | 2 | 0 | 1 | 1 | 0 | 5 | |

## परिच्छेद ६ सुशासन तथा व्यबस्थापन

### परिचय

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ । यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

## ६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

### परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार; प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

### ६.१.१. वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

### ६.१.२ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्ः

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने।

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने।

३. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने।

४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

### ६.१.३ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने ।

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने ।

३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने ।

४. विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. अर्नमा गाउँपालिकाका शिक्षा सम्बन्धी सबै निकाय तथा विद्यालयमा सुशासन, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन भई बालबालिकाको सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरप्रति उत्तरदायी र परिणाममुखी शैक्षिक व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ।

२. शिक्षा व्यवस्थापन तथा संस्थागत क्षमता अभिवृद्धि भई स्थानीय तह, विद्यालय, शिक्षक, अभिभावक तथा समुदायबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित भएको हुनेछ।

३. विद्यालयको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई शैक्षिक कार्यक्रमहरू परिणाममुखी तथा प्रभावकारी रूपमा सञ्चालन भएका हुनेछन्।

४. विद्यालयको नेतृत्व तथा व्यवस्थापन क्षमता विकास भई प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको भूमिका थप प्रभावकारी र उत्तरदायी भएको हुनेछ।

५. शैक्षिक तथ्याङ्क तथा सूचना प्रणालीलाई व्यवस्थित र विश्वसनीय बनाउँदै तथ्यमा आधारित योजना निर्माण, बजेट व्यवस्थापन तथा निर्णय प्रक्रियाको विकास भएको हुनेछ।

६. विद्यालयमा बालबालिकाको अधिकार, सुरक्षा, सहभागिता तथा सिकाइलाई केन्द्रमा राखी बालमैत्री, समावेशी र उत्तरदायी शैक्षिक व्यवस्थापन प्रणाली स्थापित भएको हुनेछ।

७. शिक्षा क्षेत्रमा उपलब्ध स्रोतसाधनको प्रभावकारी, पारदर्शी तथा मितव्ययी उपयोग भई विद्यालयको संस्थागत क्षमता र शैक्षिक सेवाको गुणस्तरमा सुधार भएको हुनेछ।

**ख) प्रमुख नतिजाहरू**

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने ।
२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने ।
३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने ।
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेततृव तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तहको विद्यालयमा नेततृवविकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | सबै | सबै | सबै | सबै | निरन्तर | निरन्तर |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्नेविद्यालय सङ्ख्या | ११ | ११ | ११ | १३ | १३ | १३ |
| ४ | विद्यालय व्यवस्थापन समिति | १२ | १२ | १२ | निरन्तरता | निरन्तरता | निरन्तरता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भएका विद्यालय सङ्ख्या | | | | | | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ६ | ७ | ९ | १० | १० |

### ६.१.५ **प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | २ | ३ | ४ | ५ | ५ | १९ | स्थानीय तह |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | ० | १ | ० | ० | ० | १ | स्थानीय तह |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | २ | ३ | ४ | ५ | ५ | १९ | स्थानीय तह |
| ४ | प्र लाई कार्यसम्पादन.अ. करार गरी जिमवेवार वनाउने | संख्या | २ | ३ | ४ | ५ | ५ | १९ | स्थानीय तह |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | २ | ३ | ४ | ५ | ५ | १९ | स्थानीय तह |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र वडासं) ख्या | १ | २ | १ | १ | ० | ९ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | २ | ४ | ३ | ५ | ५ | १९ | स्थानीय तह र विद्यालय |
| ८ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | ५ | ५ | ३ | २ | ४ | १९ | स्थानीय तह |

## ६.२ स्थानीय शिक्षा कार्यान्वनको प्रबन्ध

### परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन् । यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन् । शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन् ।

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ । त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ । कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ ।

### ६.२.१ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ । स्थानीय तहमा शिक्षा शाखा रहेको छ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् -

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु।
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने।
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने।

**योजना कार्यान्वयनको प्रबन्ध**

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

**स्थानीय तह**

१. अर्नमा गाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
२. अर्नमा गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
३. अर्नमा गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार अर्नमा गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।
५. अर्नमा गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।
६. अर्नमा गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।
५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।
१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।
२. सा.सि.के. ले विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

**६.२.२ उद्देश्य**

योजना प्रभाबकारी कार्यान्वनका लागि अर्नमा गाउँ पालिका ले निम्न उद्देश्य लिएको छ :

१ शिक्षा योजनाको प्रभाबकारी कार्यन्वयन सुनिश्चित गर्नु

**६.२.३ रणनीति**

माथीका उद्धेश्य हासिल गर्न स्थानिय तहले निम्न रणनितिहरु लिनेछन।

१. संघिय तथा प्रदेश तहवाट वित्तिय हस्तान्तरण मार्फत ससर्त अनुदान तथा अन्य अनुदान र आफनै श्रोत को बजेट समेत संकलन गरी वार्षिक शिक्षाको बजेट तथा कार्यक्रम तयार गर्ने।

२. कार्यक्रम कार्यान्वयनका लागी आवश्यक्ता अनुसार कानुन , कार्यविधि तथा निर्देशिका तयार गर्ने।

३. कार्यक्रम कार्यान्वयनको नियमित अन¬¬गमण तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चिताका साथै समस्या समाधानका लागी आवश्यक निति, निर्देशन तथा समन्वय गर्ने।

४. एकिकृत शैक्षिक सुचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वय तथा त्यसका लागी नतिजाको विवरण तयार गर्ने , त्यसको समिक्षा गरि थप सुधार तथा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने ।

७. विद्यालय व्यावस्थापनलाई सशक्तिकृत गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरि उत्तरदारी वनाउने ।

८. वित्तिय व्यवस्थापन, खरिद प्रकृया, शिक्षक व्यवस्थापन तथा शिक्षक कक्षा कोठामा समय तथा कार्य सुनिश्चितता सम्बन्धि आवश्यक मापदण्ड तयार गरी लागु गर्ने

९.अभिभावक तथा सरोकारवालासँग अन्तरकृया तथा सहकार्य गर्न अभिभावक भेला, तथा बैठक आयोजना गर्ने र सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समुहका सिकारुका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्फिक शिक्षा तथा आय आर्जन शिप विकासका कार्यक्रम संचालन गर्दै आजिवन सिकाई केन्द्रका रुपमा समेत कार्य गर्ने ।

गर्ने

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्व यनको सुनिशिताता भएको हुनेछ

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा यस प्रकार छ :

१. शिक्षाका सबैनिकाय तथा विद्यालयमा सशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

## ६.२.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रम सङ्ख्य | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५ ) | | | | | भौतिक लक्ष्य बर्ष (१० ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वार्षिक बजे ट तथा कार्यक्र म निर्माण | | १३ | १३ | १३ | १३ | १३ | | |
| २ | विद्यालय सधुार योजना निर्माण एवम् अद्यावधिक | | १३ | १३ | १३ | १३ | १३ | | |
| ३ | एकीकृत शैक्षिक सू चना प्रणाली सदृढीकरण | | १३ | १३ | १३ | १३ | १३ | | |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

## परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ।दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो।शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन्।शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ।पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ७.१ वर्तमान अवस्था

अर्नमा गाउँपालिकाको आ.व. २०७८/७९ को कूल बजेट मध्ये रु. ९७,९६,००० (८.८५ प्रतिशत) शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

### शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो। कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो। विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त

बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कूल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ।विगत ५ वर्षको शिक्षाक्षेत्रको बजेट देहायअनुसार रहेको छ।

**विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)**

| आ.व. | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट बृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कुल संघीय बजेटमा शिक्षा जेटको अंश | कुल स्थानीय बजेटमा शिक्षा वजेटको अंश |
|---|---|---|---|---|---|---|---|
| २०७३/७४ | ११,६३६ | १०३४ | ८.८८ | १७.९६ | ४.१ | ११.१ | |
| २०७४/७५ | १२,६६४ | १०९६ | ८.६५ | ८.८४ | ४.२ | ९.९ | |
| २०७५/७६ | १३,४५१ | १२८७ | ९.५७ | ६.२१ | ४.१ | १०.२ | |
| २०७६/७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | ४.४ | १०.६ | |
| २०७७/७८ | १७१७१ | २४५१ | १४.२८ | ४.८६ | ४.३ | ११.७ | |

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आ.व.को बजेट पुस्तिका)

**शिक्षामा निजी लगानी**

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालमा पढ्ने विद्यार्थी सङ्ख्या कूल विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ। प्रारम्भिक बालविकास शिक्षामा ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका छन्। निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी लगानी प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ।

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छ -

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन गर्ने।

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायक रूपमा विकास गर्ने।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको द ीगोपना सुनिश्चित गर्ने ।

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने ।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने ।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने ।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने ।

११. वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न ।

**७.२** उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् -

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

### ६.४ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् -

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ। यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने।

१. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने।

२. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।

३. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ।

२. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।

३. उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ।

४. सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।

५. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।

६. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।

७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।

८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

### ६.५ स्रोतको अनुमान र विश्लेषण

स्रोतको अनुमान तथा विश्लेषण गर्दा एकातर्फ नागरिकका अपेक्षा, आवश्यकता तथा प्राथमिकता र अर्कोतर्फ राष्ट्रिय तथा स्थानीय नीति, योजना, कार्यक्रम र उपलब्ध स्रोतसाधनबीच उचित सामञ्जस्य कायम गर्न आवश्यक हुन्छ। अर्नमा

गाउँपालिकाको शिक्षा क्षेत्र योजनाले स्थानीय नागरिकका शैक्षिक आवश्यकता तथा अपेक्षालाई सम्बोधन गर्दै नेपालको संविधानमा सुनिश्चित गरिएको शिक्षासम्बन्धी मौलिक हक, राष्ट्रिय शिक्षा नीति, संघीय तथा प्रदेशस्तरीय शिक्षा योजना र स्थानीय तहका प्राथमिकताहरूलाई समेत आधारका रूपमा लिएको छ।

शिक्षाको पहुँच, गुणस्तर, समावेशिता, समता, जीवनोपयोगी तथा प्राविधिक शिक्षाको विकास, शिक्षक व्यवस्थापन, विद्यालय भौतिक पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, प्रारम्भिक बालविकास, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायतका क्षेत्रमा आवश्यक पर्ने स्रोतको अनुमान गर्दा गाउँपालिकाको वर्तमान अवस्था, आवश्यकता, प्राथमिकता तथा आगामी वर्षमा सञ्चालन गरिने कार्यक्रमलाई आधार बनाइएको छ।यसरी अनुमान गरिएको आवश्यक स्रोतको तुलनामा अर्नमा गाउँपालिकासँग उपलब्ध हुन सक्ने आन्तरिक स्रोत, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, स्थानीय राजस्व, विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त हुन सक्ने सहयोग तथा अन्य सम्भावित स्रोतको समेत विश्लेषण गर्न आवश्यक हुन्छ। उपलब्ध स्रोत र आवश्यक स्रोतबीचको अन्तर पहिचान गरी स्रोतको परिचालन, साझेदारी र प्राथमिकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।स्रोतको अनुमान तथा विश्लेषण गर्दा स्थानीय तहको आर्थिक क्षमता, राजस्वको अवस्था, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, शिक्षा क्षेत्रमा विनियोजन हुने बजेट तथा अन्य सम्भावित स्रोतलाई आधार बनाइनेछ। साथै, उपलब्ध स्रोतको अधिकतम उपयोग, पारदर्शी व्यवस्थापन तथा परिणाममुखी परिचालनमार्फत अर्नमा गाउँपालिकाको शिक्षा क्षेत्र योजनाका लक्ष्य तथा अपेक्षित उपलब्धि हासिल गर्ने प्रयास गरिनेछ।

## ७.४ प्रमुख उपलब्धि

उपलब्धि योजनाको कार्यान्वयनबाट हासिल हुने मु ख्य उपलब्धि तथा नतिजा बु दागतरूपमा उल्लेख गर्ने ।

१. शैक्षिक पहुच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सदृढ भएको हुनेछ

## ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

### क । सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | 2081/082 | 2082/083 | 2083/084 | 2084/085 | 2085/086 | | |
| १ | प्रारम्भिक बाल बिकास केन्द्र शिक्षकहरुको क्षमता विकास आधारभूत तालिम | ० | २००००० | २००००० | २००००० | २००००० | ८००००० | |
| २ | प्रारम्भिक बाल बिकास केन्द्र अध्ययनरत बालबालिकाहरुका अभिभावकहरुको लागी अभिभावक शिक्षा कार्यक्रम | ० | ३००००० | ३००००० | ३००००० | ३००००० | १२००००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | बिद्यालय सुधार योजना कार्यान्वनका लागी बिद्यालय स्वमुल्यांकन तथा स्वमुल्यांकन पश्चात तयार पारिएका बिधालय सुधार योजना कार्यान्वनमा स्थानीय सरकारको सहयोग | ० | १५०००० | १५०००० | २००००० | २००००० | ७००००० | |
| ४ | बिद्यालयहरुमा शैक्षिक सामग्री र खेल सामग्रीको व्यबस्थापन सहयोग | ० | ४००००० | ५००००० | ५००००० | ५००००० | १९००००० | |
| ५ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूमा उच्चस्तरीय क्षमता दक्षता र नैतिकता अभिवृद्धिका लागि अध्ययन अवलोकन भ्रमण | ० | २००००० | २००००० | ३००००० | ३००००० | १०००००० | |
| ६ | अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाई कार्यक्रम संचालन | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | २०००००० | |
| ७ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन तथा विद्यालयमा मूल प्रवाहीकरण | ० | ४००००० | ४००००० | ४००००० | ४००००० | १६००००० | |
| ८ | बिद्यालय तथा स्थानीय तह स्तरमा EMIS को व्यवस्थित प्रयोग तथा सबलीकरण | ० | २००००० | २००००० | २००००० | २००००० | ८००००० | |
| ९ | स्थानीय सरकार तथा विद्यालय स्तरमा गुनासो पेटीका तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति व्यवस्थापन | ० | १००००० | १००००० | १००००० | १००००० | ४००००० | |
| १० | शिक्षकका लागि ICT सम्बन्धी तालिम | ० | ४००००० | ४००००० | ४००००० | ४००००० | १६००००० | |
| ११ | बृहत बिद्यालय सुरक्षा न्युनतम प्याकेज कार्यन्वयन | ० | ३००००० | ३००००० | ४००००० | ४००००० | १४००००० | |
| १२ | साक्षरता अभियान कार्यक्रम | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | २०००००० | |
| १३ | अभिभावक शिक्षा कार्यक्रम | ० | २००००० | २००००० | ३००००० | ३००००० | १०००००० | |
| १४ | विद्यालय खानेपानी तथा शौचालय निर्माण | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | २०००००० | |
| १५ | दिवा खाजा व्यबस्थापनमा सहयोग पालिकाबाट थप अनुदान रकम | ० | ४००००० | ४००००० | ४००००० | ४००००० | १६००००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | बाल बिकास केन्द्र को लागी (सिकाइ कुना) six corner | ० | १०००००० | १०००००० | १०००००० | १०००००० | ४०००००० | |
| | | | | | | | | |

प्रस्तावित बजेटमा अपुग स्रोत तथा अपुग स्रोत पूरा गर्ने उपाय यस योजनाका लागि तलको तालिकामा दिएको छ।

**तालिका ६.८ योजनाको लागि अपुग स्रोतको वार्षिक विवरण**

| अपुग स्रोत | २०८०/ ०८१ | २०८१/०८ २ | २०८२/ ०८३ | २०८३/८४ | २०८४र ८५ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| रु। लाखमा | ४८.३६ | ११० | ९३ | ९३ | ९२.५ | ३७६.१४ | ७५२.२८ |

**योजनाका लागि अपुग स्रोतका लागि अपेक्षीत सहायताको अनुमान**

| क्र.सं. | अनुमानित विकासका साझेदारहरु | सहयोग अनुमान (लाखमा) | कैफियत |
|---|---|---|---|
| १ | संघ ३० प्रतिशत | २२५.६८ | |
| २ | प्रदेश २० प्रतिशत | १५०.४६ | |
| ३ | जिल्ला समन्वय समिति ७ प्रतिशत | ५२.६५ | |
| ४ | कल्याणकारी संस्था ८ प्रतिशत | ६०.१८ | |
| ५ | गैरसरकारी संस्था २५ प्रतिशत | १८८.०७ | |
| ६ | दाता ७ प्रतिशत | ५२.६५ | |
| ७ | अन्य ३ प्रतिशत | २२.५९ | |

## ७.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

यस अर्नमा गाउँ पालिकाले योजना कार्यान्वयन गर्न वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिकरूपमा सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सनिश्तितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरि कार्यान्वन गरिदै लानेछ। त्यसका लागि योजना, रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने तथा स्रोत सनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गरिदै लगिनेछ। योजना निर्माणका लागि पाचँ वर्षे बजेट सहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा रणनीति तयार गरिने छ। वार्षिक रणनीति योजना निर्माण गर्दा योजनाको ढाचालाई आधार मानी तयार गरिने छ।

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

### परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ८.१ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, अर्नमा गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु ।

२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु।
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।
४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।
६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु।

**८.२ उद्देश्य**

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

**८.३ रणनीति**

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने।
२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने।
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने ।
४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने।
५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने।
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने।
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने।
८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने।
९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने।

**८.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि**

**उपलब्धि**

१. अनगुमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ

२. नतिजामा आधारित अनगुमन तथा मूल्याङ्कन प्रणाली कार्यान्व यन हुनेछ

३. योजना कार्यान्व यनका चरणमा आएका समस्या तथा चनुौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ

**प्रमुख नतिजा**

१. अनगुमन तथा मू ल्याङ्कनका लागि ससंथागत सरचना तथा क्षमता विकास भएको हुनेछ

२. नतिजामा आधारित अनगुमन प्रणाली स्थापित भई योजना तथा कार्यक्र मको प्रभावकारी कार्यान्व यन भएको हुनेछ

### ८.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | ० | १ | ० | १ | ० | १ | स्थानीय तह |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | ० | १ | १ | १ | १ | ९ | स्थानीय तह |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ३ | ४ | ३ | २ | ४ | ५० | स्थानीय ,प्रदेश र संघ सबै) (विद्यालयमा |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन /चौमासिक) (वार्षिक | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | २० | विद्यालय |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | ० | २ | २ | २ | २ | १२ | स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ० | ३ | ३ | ३ | ३ | २४ | स्थानीय तह |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | १० | स्थानीय तह र विद्यालय |

**अनुसूचीहरु : महत्वपूर्ण लिंकहरु**

| | |
|---|---|
| शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | http://www.moe.gov.np |
| शिक्षा तथा मानव श्रोत विकास केन्द्र | https://www.doe.gov.np |
| पाठ्यक्रम विकास केन्द्र | https://www.moecdc.gov.np |
| विद्यालय शिक्षक किताबखाना | http://www.stro.gov.np/ne |
| परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर | http://www.neb.gov.np |
| शिक्षा विकास तथा समन्वय इकाइ, सिरहा | http://www.deosiraha.gov.np |
| अर्नमा गाउँपालिका | https:// www.anarmamun.gov.np |
| अर्नमा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा इमेल education.hatuwagadhi2076@gmail.com | |
| अर्नमा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा फेसवुक<br>https://www.facebook.com/profile.php?id=100050287070408 //////////<br>education.arnamamun 2076@gmail.com //////////// | |

**सन्दर्भ सामग्रीहरु**


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह ( कक्षा १-३ ) पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव खाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर

- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना (२०७७), **DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय


**अनुसूची १**

स्थानीय शिक्षा योजनाको ढांचा

हाम्रो भनाई

योजनाको साराँश

१. विषय प्रवेश

२. शिक्षा योजना निर्माणको आवश्यक्ता र औचित्य

३. स्थानिय तहमा शिक्षा योजना निर्माणको औचित्य

४. शिक्षा योजना निर्माणको आधार

५. शिक्षा योजना निर्माण प्रकृया

६. योजनाको लेखाजोखा

७. योजनाको दस्तावेजको स्वरुप

**परिच्छेद १ : परिचय**

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौतीको क्ध्इत् विश्लेषण

१.४ अवसरहरु

**परिच्छे २ : दूरदृष्टी, उद्धेश्य, रणनिति तथा लक्ष्य निर्धारण**

२.१ स्थानिय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरु

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्धेश्य

२.५ रणनिति

२.६ कार्यनिति

२.७ उपेक्षित उपलब्धी

२.८ मुख्य कार्य सम्पादन सुचक र लक्ष्य निर्धारण

**परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभुत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम
३.५ उच्च शिक्षा
३.६ अनौपचारिक शिक्षा र आजीवन सिकाई
परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याँकन
४.२ शिक्षक व्यवस्थापन र विकास
४.३ शिक्षामा समता र समावेशीकरण
४.४ विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम
४.५ विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि
परिच्छेद ५ अन्य उपक्षेत्र

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास
६.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध
परिच्छेद ७ लगानी र श्रोत व्यवस्थापन
परिच्छेद ८ : अनुगमण तथा व्यवस्थापन